# धरान उपमहानगरपालिका

# धरान राजपत्र

खण्डः ५ संख्याः १ धरान उपमहानगरपालिकाद्वारा प्रकाशित मितिः २०७८।५।१७

**भाग ३**

# धरान उपमहानगरपालिकाको

# आर्थिक वर्ष २०७८/०७९ को

# नीति तथा कार्यक्रम एवम् बजेट वक्तव्य

# धरान उपमहानगरपालिकाको आर्थिक वर्ष २०७८/०७९ को नीति तथा कार्यक्रम

**नगर सभाका अध्यक्ष्यज्यू**
**प्रदेश सभाका सभामुख माननीय श्री प्रदिपकुमार भण्डारीज्यू**
**प्रदेश सभाका माननीय सदस्यज्यूहरु**
**सभाका सदस्यज्यूहरु,**

धरान उपमहानगरपालिकाको आर्थिक वर्ष २०७८/०७९ को वार्षिक बजेट निर्माणका लागि नगर सरकारको तर्फबाट यस सम्मानित नगर सभामा नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा आफुलाई गौरवान्वित महशुस गरेको छु । यस अवसरमा, प्रजातन्त्र प्राप्ति, पुनः प्राप्ति हुदै संघिय लोकतान्त्रिक गणतन्त्रसम्म मुलुक आइपुग्दा सम्पन्न भएका विभिन्न ऐतिहासिक आन्दोलनहरुमा जीवनको आहुती दिनुहुने सम्पूर्ण ज्ञातअज्ञात सहिदहरुप्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु । विश्वव्यापी रुपमा फैलिएको कोभिड १९ को दोश्रो लहरका कारण देशभित्र र बाहिर ज्यान गुमाउनुहुने सम्पूर्ण नेपालीहरुप्रति भावपूर्ण श्रद्धासुमन अर्पण गर्दछु । सङ्क्रमणमा परि उपचाररत सबैमा शिघ्र स्वास्थ्य लाभको कामना गर्दै अस्पतालबाट स्वस्थ्य भई फर्कनु हुने सबैमा बधाई तथा शुभकामना व्यक्त गर्न चाहन्छु । हालमा पनि सङ्क्रमणको जोखिम यथावत रहेको हुदा सम्पूर्ण नगरवासीहरुमा स्वास्थ्य, सुरक्षाका मापदण्ड पालना गरी सचेत रहन हुन अपिल समेत गर्न चाहन्छु ।

सङ्क्रमणको यो समयमा अग्रपंक्तिमा रहेर कार्य गर्नुहुने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, सरसफाईकर्मी, एम्बुलेन्स, शववाहन चालक साथै नगरपालिकाबाट स्थापना गरी संचालित क्वारेन्टाईन, आईसोलेशनमा सङ्क्रमण रोकथाम र नियन्त्रणका लागि अहोरात्र खटिनु हुने सामाजिक संघसंस्थाका प्रतिनिधि, सम्पूर्ण कर्मचारी तथा जनप्रतिनिधिज्यूहरुको अतुलनीय योगदानको उच्च मुल्याङ्कन गर्दै हार्दिक आभार प्रकट गर्दै आगामी दिनहरुमा अझ धेरै सहयोगको अपेक्षा गर्न चाहन्छौं ।

उपमहानगरपालिकाले कोभिड १९ को दोश्रो लहरको संक्रमणमा लकडाउन व्यवस्थापन, राहत, सहयोग, सचेतना अभियान, बजार

व्यवस्थापन तथा अनुगमन गर्न नगरवासीहरुको स्वास्थ्यप्रतिको सचेतना, सर्तकता र संवेदनशिलताका साथै स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, उद्योगी व्यवसायी, स्वास्थ्यसेवा प्रदायक निकाय, राजनितीक दलहरु, जनप्रतिनिधी, नगरपालिका सिङ्गो परिवारको क्रियाशिलतापूर्वकका साथ एकजुट भई खटिनाले गर्दा नै निर्विवाद रुपमा व्यवस्थापन सम्भव भएको हो भन्ने हामिलाई लागेको छ ।

विदेशमा रहेका नगरवासीहरु फर्कने क्रमले तीव्रता पाईरहेको वर्तमान सन्दर्भमा सङ्क्रमण फैलन नदिन र सबै नगरवासीहरुलाई सुरक्षित राख्न धरान उपमहानगरपालिकाले पहल र प्रयासमा खोप खरिद प्रकृया अगाडी बढाईने छ ।

कोरोना सङ्क्रमण पूर्ण रुपमा भई नसकेको अवस्थामा जानकारहरुको तथ्याङ्क हेर्ने हो भने अबको वर्ष कोरोना सङ्क्रमण र लकडाउनले पार्ने प्रभाव केन्द्रित बजेट व्यवस्थापन गर्नुपर्ने हाम्रो जिम्मेबारी र व्याध्यता छ् । यसो भएको हुनाले नगरवासी जनसमुदाय, सबै वडाहरु र सम्बन्धित महाशाखाहरुले आगामी बजेट व्यवस्थापनमा कोरोना न्यूनिकरणमा विशेष ध्यान जानु जरुरी देखिन्छ ।

नमुनाको रुपमा रहेको जनसहभागितामा आधारित पूर्वाधार विकास कार्यक्रमहरुलाई परिमार्जित गरि निर्माणमा एक रुपता, जवाफदेहिता, गुणस्तरीयता र पारदर्शीतालाई ध्यानमा राखि विकास निर्माणका कामलाई व्यवस्थित गरिनेछ ।

स्थानीय तहमा लामो समयदेखि कार्यरत कर्मचारीहरुको वृत्ति विकास समेत रोकिएको विषयलाई अन्त्य गर्दै नगरपालिकामा लामो समयदेखि कार्यरत, स्थायी, अस्थायी, ज्यालादारी, करार कर्मचारीहरुको सेवा सुविधालाई व्यवस्थित गरी उच्च मनोबलका साथ काम गर्ने वातावरणको सृजना गर्दै साविक स्थानीय तहमा समायोजन ऐन लागु भए पश्चात समायोजन भई आएका, नयाँ नियुक्ति लिई आएका कर्मचारीहरुलाई समन्वय गरी चुस्त कर्मचारी प्रशासन बनाई सेवा प्रवाहलाई सरलीकरण गरिनेछ ।

कृषि, पशु तथा सामाजिक विकासजस्ता विभिन्न योजना तथा कार्यक्रमहरुमा पहिलो प्राथमिकताको लाभग्राहीहरुलाई योजना तथा अनुदान दिने व्यवस्था लागु गरिनेछ । उपमहानगर मातहतका कार्यक्रम

कार्यान्वयनमा या नियमित कार्य सम्पादनमा उत्कृष्ट कार्य गर्नेलाई पुरस्कार र अनियमितता गर्नेलाई दण्ड सजायको व्यवस्था गरिने छ ।

खानेपानी आपूर्तिको समस्या यस वर्ष धेरै मात्रामा न्यूनिकरण भएको छ । असार महिनादेखि परामर्शदातासंगको सम्झौता अनुसार खानेपानी वितरणको परिक्षण गरि नगरवासीहरुको घरघरमा पानी वितरण गर्ने कार्यको सुरुवात गरिएको छ । साथै खानेपानी आयोजनाको हालसम्मको निर्माण व्यवस्थापनको सम्पूर्ण यथार्थ विवरण साथै समस्या र सुझाव दिने गरी एक विज्ञ समिति गठन गरिएको छ । समितिको प्रतिवेदनलाई कार्यान्वयन गर्ने प्रतिबद्धता समेत नगर सरकारको तर्फबाट व्यक्त गर्न चाहन्छु । सो अवस्था पछि खानेपानीको सम्पूर्ण समस्या समाधान हुने विश्वास लिएको छु ।

कोभिड १९ को असरले राजश्वको संकलन लक्ष्य अनुरुप हुन नसकेको र आन्तरीक श्रोतबाट संकलन हुने आय गत वर्षभन्दा कमी भएको हुँदा यो वर्षको बजेटमा अनुत्पादक क्षेत्रको खर्चलाई कटौती गर्ने नीति अबलम्बन गरी विगतमा भन्दा कम बजेट विनियोजन गरी मितव्ययी बजेट बनाउने प्रयास गरिएको कुरा जानकारी गराउन चाहन्छु । करको दर पुनरावलोकन गर्नुपर्ने धराने जनताको असिम चाहानालाई सम्बोधन गरी करको दर र दायरामा फराकिलो बनाई जनमैत्री करको अवधारणा अनुसार राजश्व नीति अवलम्बन गरिएको व्यहोरा राख्न चाहन्छु ।
कोभिड १९ को प्रत्यक्ष असर नगरवासीको आर्थिक, सामाजिक, शैक्षिक, साँस्कृतिक, पर्यटन, खेलकुद, यातायात, होटल व्यवसाय, व्यापार लगायत सबै क्षेत्रहरुमा देखिएको हुँदा यी क्षेत्रहरुलाई राहत पुग्ने गरी स्वरोजगार व्यवसायी मजदुरहरुलाई स्वाबलम्बी बनाउन र सम्मान गर्ने गरी राजस्वको नीति तयार गर्दै दायरा फराकिलो गरिने गरी बजेट तर्जुमा गरिएको छ ।

धरान उपमहानगरपालिकाबाट प्रवाह हुने सेवालाई चुस्त दुरुस्त र पारदर्शी ढंगबाट विद्युतीय माध्यमबाट प्रवाह गरि सर्व सुलभ बनाउने लक्ष्य लिई एको छ । अनियमितता तथा ढिलासुस्ती निर्मूल गर्न र भ्रष्टाचारमा शून्य सहनशिलताको नीतिलाई प्रभावकारी ढंगले कार्यान्वयन गर्न आन्तरिक अनुशासन इकाई गठन गरी **“भ्रष्टाचार रहित नगरपालिका :**

**धराने जनताको अभिलाषा"** भन्ने नारालाई मुल मन्त्रको रुपमा अङ्गिकार गर्दै कार्यान्वयन गरिनेछ ।

धरानलाई प्रदेश नं. १ मा शिक्षा, स्वास्थ्य, पर्यटन र बहु-साँस्कृतिक आवसीय शहरको रुपमा विकास गर्ने नीति अवलम्बन गरिएको छ ।

स्थानीय तहका एकल तथा साझा अधिकार नगरवासीहरुको अपेक्षा जनप्रतिनिधिहरुले निर्वाचनका बेला नगरवासी सामु गरेका प्रतिबद्धता, घोषणा पत्रहरु र स्थानीय सरकारका यस अघि र अब गरिने गुरुयोजना अनुसारका योजना तर्जुमा र मार्ग निर्देश हुनेछन् ।

हामीले सञ्चालन गर्ने कार्यक्रमहरु तथा हामीले लिने नितिहरु दिगो विकासका लागी तयारी गरिएका विश्वव्यापी तथा राष्ट्रिय लक्ष्यसंग मेल खानु पर्ने अनिवार्य शर्त हो । अतः हामीले हाम्रो नगर विकास लक्ष्यलाई दिगो विकास लक्ष्यसंग अन्तर सम्बन्धित गर्न जरुरी रहेको छ । त्यसैले वार्षिक नीति तथा कार्यक्रमलाई दिगो विकास लक्ष्य (SDG Goal) संग अन्तर सम्बन्धित गरिएको छ ।

हामीहरुले दिगो विकास लक्ष्यहरुलाई अनिवार्य स्थानियकरण गर्नु पर्ने भएकोले तपसील वमोजिम रहेको दिगो विकास लक्ष्यहरुलाई स्थानीयकरण गरी विषयगत क्षेत्रमा वडा तहसम्म अवलम्बन गरिनेछ ।

१ सबै क्षेत्रबाट सबै प्रकारका गरिबीको अन्त्य गर्ने

२ भोकमरीको अन्त्य गर्ने, खाद्य सुरक्षा तथा उन्नत पोषण सुनिश्चित गर्ने र दिगो कृषि प्रवर्द्धन गर्ने

३ सबै उमेर समूहका व्यक्तिका लागि स्वस्थ जीवन सुनिश्चित गर्दै समृद्ध जीवनस्तर प्रवर्द्धन गर्ने ।

४ समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने र सबैका लागि जीवनपर्यन्त सिकाइका अवसरहरू प्रवर्द्धन गर्ने

५ लैङ्गिक समानता हासिल गर्ने र सबै महिला, किशोरी र बालिकालाई सशक्त बनाउने

६ सबैका लागि स्वच्छ खानेपानी र सरसफाइको उपलब्धताका साथै यसको दिगो व्यवस्थापन सुनिश्चित गर्ने

७ किफायती, विश्वसनीय, दिगो र आधुनिक ऊर्जामा सबैका लागि पहुँच सुनिश्चित गर्ने

८ भरपर्दो, समावेशी र दिगो आर्थिक वृद्धि तथा सबैका लागि पूर्ण र उत्पादनशिल रोजगारी र मर्यादित कामको प्रवर्द्धन गर्ने

९ उत्थानशील पूर्वाधारको निर्माण, समावेशी र दिगो औद्योगीकरणको प्रवर्द्धन र नवीन खोजलाई प्रोत्साहन गर्ने

१० मुलुकभित्र तथा मुलुकहरूबीचको असमानता घटाउने

११ सहर तथा मानव बस्तिहरू समावेशी, सुरक्षित, उत्थानशील र दिगो बनाउने

१२ दिगो उपभोग र उत्पादन प्रणाली सुनिश्चित गर्ने

१३ जलवायु परिवर्तन र यसको प्रभाव नियन्त्रण गर्न तत्काल पहल थाल्ने

१४ दिगो विकासका लागि महासागर, समुन्द्र र समुन्द्री साधन स्रोतहरूको संरक्षण र दिगो प्रयोग गर्ने

१५ पारिस्थितिकीय प्रणालीको संरक्षण, पुर्नस्थापना र दिगो उपयोगको प्रवर्द्धन गर्ने, वनको दिगो व्यवस्थापन गर्ने, मरुभूमीकरण र भूक्षय रोक्ने तथा जैविक विविधताको संरक्षण गर्ने

१६ दिगो विकासका लागि शान्तिपूर्ण र समावेशी समाजको प्रवर्द्धन गर्ने, सबैको न्यायमा पहुँच प्रदान गर्ने र सबै तहमा प्रभावकारी, जवाफदेही र समावेशी संस्था निर्माण गर्ने

१७ दिगो विकासका लागि साझेदारी सशक्त बनाउने र कार्यान्वयनका लागि स्रोत साधन सुदृढ गर्ने

सभाध्यक्षज्यू,

अब म आ.व. २०७८/०७९ को विभिन्न विषयगत एवम् क्षेत्रगत नीति तथा कार्यक्रम प्रस्तुत गर्न गईरहेको छु ।

## सामाजिक विकास सम्बन्धी नीति

### (क) शिक्षा नीति

१. नगर भित्रको शैक्षिक कार्यक्रमलाई व्यवस्थित गर्न आवश्यक ऐन, नियम तर्जुमा गरि लागु गरिनेछ ।

२. शिक्षाको योजनाबद्ध विकास गर्न विद्यालय सुधार योजना र आवधिक नगर शिक्षा योजना बनाई धरान नगरलाई शिक्षाको केन्द्रको रुपमा विकास गरिनेछ ।

३. शैक्षिक गुणस्तर अभिवृद्धिका लागि विद्यालयहरुको भौतिक, शैक्षिक, प्राविधिक, आधुनिक एवम् व्यवस्थापकिय क्षमता विकास गर्न आवश्यक कार्यहरुलाई प्रभावकारी रुपमा अगाडि बढाईनेछ ।

४. धरान एक बहुसाँस्कृतिक, बहुधार्मिक, बहुजातीय र बहुभाषिक शहर भएकाले यो पक्षको संरक्षण र संबर्द्धन गर्न आधारभूत तहदेखि नै छुट्टै स्थानीय पाठ्यक्रम तयार गरी आगामी शैक्षिक वर्षदेखि आवश्यकता अनुसार विद्यालयहरुमा लागु गरिनेछ । जसमा धरान र आसपासका ऐतिहासिक तथा सांस्कृतिक पहिचान, धर्म, कला, रहनसहन, भाषा, भेषभूषा, वातावरणीय शिक्षा, असल व्यवहार, अनुशासन जस्ता विषयहरुमा जोड दिईने छ ।

५. विद्यार्थीहरुको बहुआयामिक प्रतिभाको विकास गर्न विद्यालयमा अतिरिक्त क्रियाकलापहरुको छनौट गरि कार्यान्वयन गरिनेछ ।

६. **"मेरो पाठशाला, हाम्रो घर"** अभियान थालनी गरी प्रत्येक वडाहरुमा निरक्षर बालबालिकाहरुलाई विद्यालय भर्ना गर्ने योजना सञ्चालन गरिनेछ ।

७. सामुदायिक तथा संस्थागत विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरुको पेशागत तथा दक्षता विकास गर्न आवश्यक तालिम, अभिमुखिकरण, अनुसन्धान, शैक्षिक भ्रमण, सुचना प्रविधि मैत्री शिक्षण सिकाई, व्यवस्थापकीय क्षमता अभिवृद्धि कार्यक्रम आदिको प्रबन्ध गरिनेछ ।

८. सबै विद्यालयहरुमा आवधिक रुपमा विद्यार्थीको स्वास्थ्य परिक्षण, स्वच्छ खानेपानी र सरसफाईलाई व्यवस्थित गरिनेछ ।

९. कानुनी र नीतिगत व्यवस्था गरि आवश्यकताका आधारमा नगर क्षेत्रभित्रका विद्यालयहरुलाई गाभ्ने, ठाँउसारी गर्ने तथा नयाँ विद्यालय खोल्ने व्यवस्था गरिनेछ ।

१०. सेवा निवृत र कार्यरत विषयगत शिक्षकहरुको अभिलेख तयार गरी आवश्यकतानुसार वहाँहरुका अनुभवलाई नगरको शैक्षिक विकासमा उपयोग गरिने छ ।

११. शिक्षकहरुको मुल्याङ्कन प्रणालीलाई सुचकमा आधारित बनाई राम्रो काम गर्ने दक्ष शिक्षकलाई आगामी शैक्षिक वर्षदेखि सम्मान तथा पुरस्कारको व्यवस्था गरिनेछ ।

१२. संस्थागत विद्यालयहरुको वर्गिकरण गरी व्यवहारिक तथा वैज्ञानिक शुल्क प्रणाली लागु गर्नका साथै नियमन र व्यवस्थापन गर्न सरोकारवाला पक्षसँग समन्वय र सहकार्य गरिनेछ ।

१३. संस्थागत विद्यालयका शिक्षक, शिक्षिका तथा कर्मचारीहरुलाई श्रम ऐनमा व्यवस्था भए बमोजिम न्यूनतम पारिश्रमिक उपलब्ध गराउन पहल गरिनेछ ।

१४. सामुदायिक तथा संस्थागत विद्यालयको गुणस्तर अभिबृद्धि र प्रोत्साहनका लागि समयसमयमा अनुगमन गर्न आवश्यक संयन्त्र निर्माण गरी आधारभूत तह र माध्यमिक तहको परिक्षामा उत्कृष्ट नतिजा हासिल गर्ने विद्यालयलाई प्रत्येक वर्ष धरान उत्कृष्ट शिक्षा पुरस्कार प्रदान गरिनेछ ।

१५. विपन्न, गरिब, जेहेन्दार, भूमिहीन सुकुम्बासी र फरक-फरक क्षमता भएका बालबालिकाको शिक्षामा अभिबृद्धि गर्न छात्रवृत्ति कोष स्थापना गरिनेछ । साथै प्राविधिक तथा व्यावसायिक क्षेत्रमा उच्च शिक्षा अध्ययनका लागि विशेष छात्रवृत्ति योजना लागु गरिनेछ ।

१६. सामुदायिक विद्यालयमा शिक्षक-विद्यार्थी अनुपात र विषयगत दरबन्दी व्यवस्था गरी शिक्षकहरुको सरुवा र दरबन्दी मिलान गर्दै लगिने छ ।

१७. सबै सामुदायिक विद्यालयमा बालमैत्री, अपाङ्गमैत्री र छात्र-छात्राहरुका लागि छुट्टाछुट्टै शौचालय, शुद्ध पिउने पानी, उचित पुस्ताकालय, विज्ञान र कम्प्यूटर प्रयोगशालाको व्यवस्था गरिनेछ ।

१८. धरान उपमहानगरपालिकाले सञ्चालन गरेको सामुदायिक विद्यालयका छात्राहरुका लागि सेनिटरी प्याड वितरणको कार्यक्रमलाई व्यवस्थित गरिने छ । साथै सो को व्यवस्थापन कार्यको अनुगमन गर्ने कार्यलाई प्रभावकारी बनाईनेछ ।

१९. सामुदायिक तथा संस्थागत विद्यालयहरुका बालबालिकाहरुमा अन्तरनिहित प्रतिभा प्रस्फुटन तथा नेतृत्व क्षमता विकासका लागि अनिवार्य रुपमा बाल क्लबहरु निर्माणगरी परिचालन गरिनेछ ।

२०. नगर क्षेत्र भित्र रहेका सबै सामुदायिक तथा संस्थगत विद्यालयहरुमा EMIS लागु गरी शैक्षिक तथ्याङ्कलाई सुदृढ तथा प्रभावकारी तुल्याईनेछ ।

२१. धरानको गौरवको रुपमा रहेका केन्द्रिय प्रविधि क्याम्पस, महेन्द्र बहुमुखी क्याम्पस, पिण्डेश्वर विद्यापिठ र पूर्वाञ्चल ईन्जिनियरींग क्याम्पसलाई अनुसन्धान तथा शैक्षिक केन्द्रको रुपमा विकास गर्न प्रदेश सरकार, संघिय सरकार र सम्बन्धित सरोकार पक्षसंग समन्वय र साझेदारी गरिनेछ ।

२२. धरान नगरक्षेत्रभित्र रहेका मदरसा र गुम्बामा रहेका शिक्षालयहरुको स्तर उन्नति गर्दै लगिनेछ ।

## बहुजातीय शिक्षालय

२३. धरानमा बसोवास गर्ने विभिन्न जातजातिहरुका मातृभाषा अध्ययन गरिने शिक्षालयको रुपमा विकास गर्न बहुजातीय शिक्षालय स्थापना गरिने छ ।

२४. बहुजातीय शिक्षालय स्थापनाको लागि समिति निर्माण गरिनेछ ।

२५. भौतिक पूर्वाधार निर्माणको लागि उपमहानगरपालिकाले उचित स्थान छनौट गरी स्थान उपलब्ध गराउनेछ । सो स्थानमा प्रत्येक जातजातिहरुको कक्षाकोठा निर्माण गर्न सम्बन्धित जातिको निर्माण उपसमिति गठन गरिनेछ ।

२६. समिति/उपसमितिले धरान उपमहानगरपालिकासँग समन्वय गरि आ-आफ्नो आवश्यकता अनुसार उपलब्ध स्थानमा स्वीकृत अवधारणा अनुरुप भवन/कक्षाकोठा निर्माण गरिनेछ ।

२७. कक्षाकोठामा शुरुवातदेखि भाषा अध्ययन गराई मातृभाषामा दक्ष बनाईने उद्देश्य साथै सो कक्षाकोठा सबै जातजातिहरुको सांस्कृतिक पहिचान झल्कने अनुसार बनाइनेछ ।

२८. शिक्षालयमा पढ्ने विद्यार्थीहरुको आर्थिक स्तर न्यून भएमा उनीहरुलाई सामुदायिक विद्यालययमा निःशुल्क अध्ययन गर्न ( छनौटका आधारमा) सिफारिस गरिनेछ । यो शिक्षालयमा सबै उमेर समुहका भाषा सिक्न इच्छुक व्यक्तिहरुलाई भाषा पढाईको व्यवस्था मिलाईने छ ।

२९. मातृभाषा अध्ययन गर्नका लागि मात्र नभई यो शिक्षालय विभिन्न जातजातिको रितिथिति, संस्कृति, रहनसहन, परम्परा र इतिहास अध्ययन गर्ने प्रतिष्ठानको रुपमा विकासित गरिनेछ ।

३०. शिक्षालयमा प्रत्येक जातिको संस्कार, संस्कृति र परम्परा अध्ययन अवलोकन गर्न शिक्षालयलाई पर्यटकिय क्षेत्रको रुपमा समेत विकास गरिने छ ।

## (ख) युवा तथा खेलकुद नीति

३१. धरान नगरको खेलकुदलाई व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालन गर्न नगर युवा विकास समिति गठन गरी सरोकारवालाहरुको सहभागितामा **"धरान युवा विकास नीति"** निर्माणगरी कार्यान्वयन गरिने छ । युवा सुचना तथा वैदेशिक रोजगार सहायता कक्षको व्यवस्था गरिनेछ । युवा वर्गको क्षमता विकास र सीप अभिबृद्धि लक्षित कार्यक्रमलाई निरन्तरता दिँदै उनीहरुको उद्यमशीलताको प्रवर्द्धन गरिनेछ । वैदेशिक रोजगारबाट फर्केका युवाहरुले आर्जन गरेका ज्ञान र सीपको सदुपयोग गर्दै स्वरोजगार तथा उद्यमशीलता विकासतर्फ अभिप्रेरित गरिने छ । उनीहरुलाई यस्ता कार्यको शुरुवात गर्न नगरपालिकाले लिने शुल्कमा पूर्ण छुट दिईनेछ । युवाहरुलाई "विदेश हैन विजनेश" को मार्ग तिर अग्रसर गराउन युवा उद्यमी समिति समेत तयार गरि अघि बढाईनेछ ।

३२. लागु औषध दुर्व्यसन तथा कुलतमा फसेका युवाहरुलाई जोगाउन सन्देशमूलक, रोकथाम मूलक, उपचारात्मक तथा सचेतनामूलक

कार्यक्रमहरु सञ्चालन गरी युवाहरुमा सकारात्मक सोचको विकास गराई र व्यवहारिक बनाउदै उनीहरुमा उद्यमशीलताको विकास गराईनेछ ।

३३. युवाहरुलाई अभिप्रेरित गरी सामाजिक तथा उद्यमशील क्षेत्रमा आर्कषण गर्न हरेक वर्ष अन्तराष्ट्रिय युवा दिवसको अवसरमा उत्कृष्ट कार्य गर्ने युवालाई उपमहानगर आदर्श युवा पुरस्कार दिई सम्मान गरिनेछ ।

३४. बेरोजगारी न्यूनिकरण गर्न विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरुको समन्वय तथा सहकार्यमा युवा लक्षित उद्यम विकास कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

३५. नगर खेलकुद विकास समिति मार्फत सरोकारवालाहरुको सहभागीतामा धरान खेलकुद नीति निर्माण गरिनेछ ।

३६. खेलकुदको माध्यमबाट युवाहरुको व्यक्तित्व विकास गर्न शारिरीक व्यायामशाला, हेल्थ क्लब, कबर्ड हल, खेलकुद मैदान, फुटसल, गल्फ कोर्षजस्ता पूर्वाधारहरुको विकास गरिनेछ । साथै समुदाय तथा निजी क्षेत्रलाई यस्ता पुर्वाधार बनाउन तथा प्रतियोगितात्मक कार्यक्रमहरु आयोजना गर्नका लागि आवश्यक प्राविधिक, व्यवस्थापकीय एवम् आर्थिक सहयोग उपलब्ध गराईनेछ । एक वार्ड एक व्यायामशालाको नीति लिई व्यायामशाला स्थापना गरी युवाहरुलाई प्रशिक्षणको व्यवस्था मिलाईनेछ ।

३७. विपन्न, गरिब तथा सुकुम्बासी परिवारका युवाहरुलाई कम्प्यूटर, मोबाइल, रेडियो तथा टेलिभिजन मर्मत, विद्युत जडान, ब्यूटिपार्लर, टेलरिङ, होटल म्यानेजमेन्ट, पशुपालन तथा तरकारी खेती लगायतमा व्यावसायिक तालिम दिई स्वरोजगार बनाउन विशेष योजना बनाई लागु गरिनेछ ।

३८. वातावरण संरक्षण, हरियाली प्रवर्द्धन एवम् जनचेतनामूलक कार्यक्रम आयोजना गर्दा युवाहरुको परिचालनमा विशेष प्राथमिकता दिईनेछ । साथै प्रत्येक वडामा सञ्चालन हुने सामाजिक विकास कार्यक्रम एवम् विकास निर्माणको क्षेत्रमा उनीहरुको अर्थपूर्ण सहभागिता र सहकार्यमा जोड दिईनेछ ।

३९. बुढासुब्बा गोल्डकप, गोधुली फुटवल कप, धरान रन, मनमोहन स्मृती कप लगायतका धरानको गौरवको रुपमा रहेका प्रतियोगिताहरुलाई अझ व्यवस्थित गर्ने तर्फ सरोकारवाला संस्थाहरुसँग सहकार्य गरी अघि बढिनेछ ।

४०. युवाहरुलाई व्यवसायिकता तर्फ उत्प्रेरित गर्न उनीहरुसंग भएको विविध क्षमताको तथ्यांक लिई सोही अनुसारका आवश्यक कार्यक्रम आयोजना गरिने छ ।

४१. धरानको पहिचान झल्काउने विभिन्न खेल प्रतियोगिताहरुको प्रर्वद्धन गर्न आवश्यक बजेटको व्यवस्था गरि उक्त प्रतियोगिताहरुलाई नियमन र व्यवस्थापन गरिनेछ ।

४२. धरानमा हुने विभिन्न प्रतियोगिता संचालन गर्ने क्लब र संघसंस्थाहरुको नियमित अनुगमन गरि सहकार्य गरिनेछ ।

४३. धरानको खेल पूर्वाधार निर्माण र विभिन्न खेलमैदानहरुको स्तरोन्नति गरिनेछ ।

४४. धरानमा खेल ग्राम निर्माणका लागि शुरु गरिएको गुरु योजना अनुसार विषयगत खेलका लागि आवश्यक सम्पूर्ण भौतिक पूर्वाधार विकास गर्दै लगिनेछ । समुदाय तथा निजी क्षेत्रलाई यस्ता पुर्वाधार बनाउन तथा प्रतियोगितात्मक कार्यक्रमहरु आयोजना गर्नका लागि आवश्यक प्राविधिक, व्यवस्थापकीय एवम् आर्थिक सहयोग उपलब्ध गराईनेछ ।

४५. युवाहरुलाई संसदीय व्यवस्थामा अभ्यास गराउन नमूना युवा संसदको गठन र अभ्यास गराईनेछ ।

४६. संघीय सरकारबाट शशर्त अनुदानबाट प्राप्त युवा स्वरोजगार तथा क्षमता विकास कायक्रमलाई प्रभावकारी र नतिजामूलक वनाउनका लागी म्याचिंग फण्डको व्यवस्था गरिनेछ

## (ग) लैँगिक समानता र सामाजिक समावेशिकरण

४७. लिङ्गको आधारमा समाजमा हुने भेदभावहरुलाई अन्त्य गर्न लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रम निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ ।

४८. महिला, बालबालिका, पिछडिएका वर्ग, भूमिहीन, गरिब, सिमान्तकृत, आदिवासी जनजाति, मधेसी, मुस्लिम, अल्पसंख्यक र लामो समयदेखि सामाजिक बहिष्करणमा परेका सबै लक्षित वर्गको सामाजिक उत्थान र जीवनमा सुधारका कार्यक्रम बनाई सञ्चालन गरिनेछ ।

४९. रोजगारमूलक कार्यक्रमलाई महत्वका साथमा अगाडि बढाउदै "सिपालु हात सधैँ आफ्नो साथ" भन्ने नाराका साथ युवा, महिला तथा एकल महिला र फरक क्षमता भएकाहरुलाई व्यावसायिक तालिमका माध्यमबाट उनीहरुलाई स्बावलम्बी बनाईने कार्यक्रम सञ्चालन गरिने छ ।

५०. नगर विकासका लागि समुदायको सहयोगलाई प्रोत्साहन गर्दै टोल विकास संस्थालाई सुदृढ बनाउन नेतृत्व विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

५१. दलित एवम् पछि परेका सबै वर्ग र समुदायको आत्मसम्मान बढ्ने र आत्मनिर्भर हुने कार्यक्रम बनाइनेछ । लैङ्गिक र भौतिक अल्पसंख्यकहरुलाई विशेष कार्यक्रमको व्यवस्था गरिनेछ ।

५२. एच.आई.भि. एड्स रोगी तथा पूर्व लागु औषध दुर्व्यसनीहरुलाई समाजमा पुनर्स्थापना गर्न कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

५३. सरोकारवाला संघसंस्थाहरुसँगको समन्वयमा धरानलाई सडकमानव र सहयोगापेक्षी मुक्त नगर बनाईनेछ ।

५४. "लैङ्गिक हिंसामुक्त धरान, हाम्रो पहिचान" भन्ने अभियान अघि बढाई हिंसाविरुद्ध शून्य सहनशीलता कायम गरिनेछ ।

५५. उपमहानगरका सबै विकास योजना एवम् अन्य प्रक्रियाहरुलाई लैङ्गिक समानता र सामाजिक समावेशीकरणको नीति अनुसार सञ्चलन गरिनेछ ।

५६. आदिवासी जनजातीहरुको भेषभूषा, भाषा, कला, धर्म, संस्कृति, परम्परा, रीतिरिवाजको संरक्षण र सम्बर्द्धन गरिनेछ । आदिवासी जनजातीहरुका परम्परागत एवम् मौलिक पोसाकहरुको उत्पादन र व्यवसायीकरणका लागि विशेष कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

५७. लोपोन्मुख, सिमान्तकृत र पछाडी परेका समुदायको सामाजिक, आर्थिक, शैक्षिक विकासका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

५८. ज्येष्ठ नागरिकको हितलाई मध्यनजर गरी वडाबाट नै परिचय पत्र प्रदान गरिने व्यवस्था मिलाईने छ । साथै ज्येष्ठ नागरिकका समस्याहरु समाधान गर्ने कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

५९. समाजवाद उन्मुख समाजको निमार्ण गर्न न्यून आय भएकाहरुको पहिचान गरि व्यवसायीकरण उन्मुख गराउन निश्चित क्षेत्रहरुको ( जग्गा) स्थान पहिचान गरि व्यवसायिक कोठाहरु निमार्ण गरि निश्चित कार्यविधि बनाई सञ्चालनको लागि हस्तान्तरण गरिनेछ ।

६०. ९० वर्ष माथिका ज्येष्ठ नागरिक एवम् अशक्तहरुलाई प्रदान गरिने सामाजिक सुरक्षा भत्ता घरमै उपलब्ध गराउन आवश्यक व्यवस्था मिलाईनेछ ।

६१. लैंगिक मैत्री नगर निर्माणका लागि उपमहानगरपालिका द्धारा सञ्चालित सबै कार्यक्रमको वार्षिक रुपमा लैंगिक परिक्षण (Gendar Audit) को व्यवस्था मिलाईनेछ ।

६२. महिला मैत्री,वालमैत्री,दलितमैत्री तथा अपाागं मैत्रीका सूचकहरु निर्धारण गरि नियमित रुपमा अवस्था विश्लेषण गरिनेछ ।

६३. अपांगता भएका नागरीकहरुको पुनस्थापना र क्षमता विकासका लागि पुनर्स्थापना गृह निर्माण गरी कार्यक्रम सञ्चालन गरिनेछ ।

## (घ) महिला तथा बालबालिका

६४. महिला हिंसामुक्त नगरका लागी आवश्यक योजना र कार्यक्रम तयार गरिनेछ ।

६५. उपमहानगर भित्रका महिलाहरुमा आर्थिक नेतृत्वको विकास गर्ने गरी ठोस रुपमा क्षमता अभिवृद्धि गर्दै सीपमूलक तालिमहरुको व्यवस्था गरिनेछ ।

६६. उपमहानगर भित्रका महिलाहरुमा आर्थिक नेतृत्वको विकास गर्ने गरी ठोस रुपमा क्षमता अभिवृद्धि गर्दै सीपमूलक तालिमहरुको व्यवस्था गरिनेछ । तालिममा तालिम पश्चात अनिवार्य रुपमा रोजगारमा लाग्ने वा व्यवसाय गर्ने महिलाहरुलाई मात्र छनौट गरिने छ ।

६७. महिला उद्यमशीलता विकासका लागि महिलाहरुद्वारा प्रवर्द्धित तथा स्थापित व्यवसायमा छुटको व्यवस्थालाई निरन्तरता दिईनेछ ।

६८. प्रत्येक टोल विकास संस्था स्तरीय महिला शसक्तिकरण समूह गठन र परिचालन गरिनेछ ।

६९. हिंसा पीडीत महिलाहरुको सुरक्षा र व्यवस्थापनका लागि सेवा केन्द्र स्थापना गरिनेछ ।

७०. लैंगिक हिंसा पीडीत महिलाहरुकालागि एकद्वार संकट व्यवस्थापन केन्द्र आरम्भ गरिनेछ ।

७१. वी पी कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा धरान उपमहानगर पालिका क्षेत्रका गर्भवति महिला हरुका लागि आमा सुरक्षा कार्यक्रम लागु गरिनेछ । बालमैत्री स्थानीय शासन अवधारणालाई प्रत्येक वडामा क्रमशः लागु गरिने छ ।

७२. लीला श्रेष्ठ सुब्बा सुरक्षित मातृ सुरक्षा कार्यक्रम प्रभावकारी वनाई कार्यान्वयन गरिनेछ ।

७३. प्रत्येक सामुदायिक तथा संस्थागत विद्यालयमा वाल क्लव गठन गरी सञ्चालनलाई निरन्तरता दिईनेछ साथै हरेक टोल विकास संस्था तहमा समेत वाल क्लव गठन अभियान सञ्चालन र परिचालनको शुरुवात गरिनेछ ।

७४. नगर तथा वडा स्तरीय वाल क्लव सञ्जाललाई संस्थागत गरिनेछ ।

७५. उपमहानगर क्षेत्रका निर्माण हुने सबै सार्वजनिक निर्माणलाई वाल मैत्री बनाईनेछ ।

७६. बालबालिकाहरुको अधिकार सुनिश्चित गरी बालबालिका लक्षित कार्यक्रमहरु सञ्चालन गरिनेछ । बालबालिकाहरुको सहज र सरल ढंगले शिक्षा आर्जन गर्न पाउने अधिकारलाई स्थापित गर्दै विद्यालयहरुमा भौतिक संरचना एवम् भवन निर्माणलाई प्राथमिकता दिईनेछ ।

७७. हरेक बालविकास केन्द्रको भौतिक पूर्वाधारको विकास गरिनेछ । यस्ता केन्द्रमा पढ्ने बालबालिकाको नियमित स्वास्थ्य परिक्षणको व्यवस्था गरिनेछ ।

७८. हरेक वडामा एउटा बाल उद्यान निर्माण अभियानलाई निरन्तरता दिईने छ ।

७९. बाल दुर्व्यवहार, बाल हिंसा, बालश्रम र लागु पदार्थ दुर्व्यसन विरुद्ध विद्यालय, अभिभावक र विद्यार्थीहरुसँग अन्तर्क्रिया कार्यक्रम

सरोकारवाला पक्षहरुसँगको समन्वय र सहकार्यमा सञ्चालन गरिनेछ ।

८०. छोरी बचाउ अभियान अर्न्तगत विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

## स्वास्थ्य सम्बन्धी नीति

८१. वि.पि.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई धरानको पहिचान र नगर गौरवको रुपमा लिई यसको विकास र प्रगतिलाई धरानको समृद्धिसंग जोड्दै यसको सर्वाङ्गीण पक्षमा सुक्ष्म रुपमा समन्वय गरि प्रतिष्ठानलाई पूर्ण सञ्चालनको वातावरण तयार गरिने छ । साथै नगरवासीको स्वास्थ्यलाई पहिलो प्राथमिकतामा राख्दै प्रतिष्ठानसँग समन्वय/साझेदारीमा स्वास्थ्य उपचारको व्यवस्था मिलाईनेछ ।

८२. स्वास्थ्यलाई संविधानले मौलिक हकको रुपमा प्रत्याभूत गरेको कुरालाई अंगीकार गर्दै धरान उपमहानगरपालिकाले नगरवासीको निमित्त **"स्वस्थ्य नगरका लागि स्वस्थ्य नागरिक"** को नीति लिई कार्यक्रम सञ्चालन गरिने छ ।

८३. वी.पी. कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठानसँग समन्वय र सहकार्य गरि मृगौला, उच्च रक्तचाप साथै मधुमेह जस्ता रोगीहरुका लागि निःशुल्क जाँच र उपचार गरिने व्यवस्था मिलाईनेछ ।

८४. कोरोना भाइरस र डेङ्गु जस्ता महामारीको रुपमा फैलने रोग साथै अन्य प्रकोप तथा रोगहरुको समेत प्रभावकारी रुपमा उपचार, नियन्त्रण तथा रोकथामको व्यवस्था मिलाउदै नगरवासीहरुमा यसबारेमा सचेतना अभियान सञ्चालन गरिनेछ । साथै धरानवासीको स्वास्थ्यलाई मध्यनजर गर्दै कोभिड १९ को पि.सि.आर. परिक्षणलाई प्राथमिकताका साथमा अगाडि बढाउन विशेष कार्यक्रम र बजेट ल्याइनेछ ।

८५. सामुदायिक विद्यालयहरुमा नियमित रुपमा स्वस्थ्य परिक्षण गर्ने व्यवस्था साथै योगा कक्षा सञ्चलन गर्ने व्यवस्था मिलाइनेछ ।

८६. HIV/AIDS र हेपटाइटिस जस्ता रोगलाई नियन्त्रण गर्न Drug Abuse सम्बन्धी सचेतना कार्यक्रम एवम् उपचार तथा पुनर्स्थापना कार्यक्रम सञ्चालनको व्यवस्था गरिनेछ ।

८७. उपमहानगर भित्र सञ्चालन गरिएका वर्थिङ सेन्टर र स्वास्थ्य क्लिनिकहरुको क्रमशः निर्माण गरिनेछ । सरकारले तोकेको विभिन्न प्रकारका औषधिहरु निःशुल्क वितरण गर्ने व्यवस्था मिलाईने छ ।

८८. वडा नं. १, ५ र २० को स्वास्थ्य चौकीहरुमा सेवासुविधा, जनशक्ति थप गरी वी. पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानसंग सहकार्य गरि स्वास्थ्य बीमाको कार्यक्रम गरिनेछ । रेडक्रस लगायतका सामाजिक संस्थाहरुसँग समन्वय गरी प्रत्येक वडामा प्राथमिक उपचार टोली निर्माण गरी कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

८९. नेपाल सरकारद्धारा लागु गरिएको स्वास्थ्य बिमा कार्यक्रमलाई शतप्रतिशत नगरवासीहरुको पहुँचमा पुऱ्याई वी.पी. कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको सहकार्यमा बिमा गरिने व्यवस्था मिलाईनेछ ।

९०. मानव जीवन र स्वास्थ्यको लागि महत्वपूर्ण रगतको सहज उपलब्धताको लागि नेपाल रेडक्रस सोसाईटीसँग सहकार्य गरी रक्त सञ्चार सेवालाई वृद्धि गरिनेछ ।

९१. आर्थिक रुपमा अत्यन्त विपन्न नगरवासीहरुको स्वास्थ्य जाँच र उपचारका लागि अस्पताल पुऱ्याउन एम्बुलेन्सको सुविधा प्रदान गरिनेछ ।

९२. धरान वडा नं. १ स्थित पुरानो धरान अस्पताल परिसरमा नगर अस्पताल स्थापना गर्न सरोकारवाला निकायहरुसँग पहल गरिने छ ।

९३. नगरवासीको स्वास्थ्य हितको लागि सञ्चालित अर्ग्यानिक खेती गर्ने किसानहरु, तरकारी तथा खाद्यान्न पसलहरुलाई प्रोत्साहनको कार्यक्रम ल्याइनेछ ।

९४. सुत्केरी महिला, बालबालिका, वृद्धवृद्धालाई सरसफाई, कुपोषण न्यूनिकरण विरुद्ध कार्यक्रम सञ्चालन गरिनेछ ।

९५. ७० वर्ष उमेर पुगेका ज्येष्ठ नागरिकहरुलाई निमोनिया रोग विरुद्धको भ्याक्सिन निःशुल्क दिने व्यवस्था गरिनेछ । साथै वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानसँग सहकार्य गरि 'अल्जाइमर्स' को निम्ती परामर्श सेवा उपलब्ध गराईनेछ ।

९६. स्थानीय स्तरमा जडीबुटि तथा औषधिजन्य पदार्थको संवर्द्धन गरी जडीबुटि खेती तथा पेशालाई प्रोत्साहन गरिनेछ । आयुर्वेदिक र

होमियोप्याथिक स्वास्थ्य उपचार सेवाको विकासका लागि कार्यक्रमको व्यवस्था गरिनेछ ।

९७. उपमहानगरपालिकामा आबद्ध कार्यरत महिला स्वास्थ्य स्वयंमसेविकाहरुलाई आवश्यक तालिम उपलब्ध गराई क्षमता अभिबृद्धि गरिनेछ ।

९८. स्वास्थ्य क्षेत्रको व्यवस्थित तथा गुणस्तरीय विकासका लागि सार्वजनिक, निजी क्षेत्र तथा अन्य संघसंस्थाहरुको सहकार्यलाई निरन्तरता दिईनेछ ।

९९. सरकारी तथा निजी अस्पताल एवम् स्वास्थ्य क्लिनिकहरुले प्रदान गर्ने आधारभूत सेवाहरुको शुल्क नियमन गरिने छ ।

१००. **"स्वस्थ्य नगरवासी विकट सिमा, नगर प्रमुखबाट निशुःल्क बीमा"** कार्यक्रम अन्तर्गत वार्ड नं. ४ र २० का सम्पूर्ण जनसमुदायहरुलाई निःशुल्क स्वास्थ्य बीमा गरिनेछ ।

१०१. खोप सेवालाई अझ प्रभावकारी र सुदृढीकरण गरि प्रत्येक वार्डमा खोप सेवा सञ्चालन गरिनेछ, बढि सेवाग्राही हुने वार्डहरुका खोप केन्द्रहरुमा आवश्यकता अनुसार खोप सेवा सञ्चालन गर्न पहल गरिनेछ ।

१०२. स्वास्थ्य चौकिहरुमा ल्याव सेवा सञ्चालनको लागि पहल गरिनेछ ।

१०३. जैविक उत्पादन, पोषिलो खानपान, स्वस्थ्य अनि सक्रिय जिवनयापन" को विभिन्न क्रियाकलाप तथा जनचेतना अभिवद्धिको कार्यक्रम सञ्चालन गरिनेछ ।

१०४. निम्न आय भएका नगरवासीहरुको स्वास्थ्य उपचारका निम्ति वी. पी. कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठानसंग सहकार्य गरि औषधि व्यवसायी (खुद्रा, थोक, उत्पादक) र विभिन्न दाताहरुको सहयोगमा उपचार कोष स्थापना गरि **"विपन्न परिवार, स्वास्थ्य उपचार"** कार्यक्रम संचालन गरिने छ ।

१०५. नगरवासीहरुको स्वस्थ्य जीवनशैली, शारीरिक व्यायाम, योगाभ्यास र सकारात्मक सोचको अभिवृद्धि गर्न सरोकारवाला पक्षहरुको सहकार्यमा विभिन्न कार्यक्रमहरु गरिनेछ ।

१०६. लागु पदार्थ, मदिरा र सूर्तिजन्य वस्तुहरुको प्रयोगलाई न्यूनिकरण गर्न सम्बन्धित सरोकारवाला पक्षहरुसंग समन्वय गरि आवश्यक कार्यक्रम संचालन गरिनेछ ।

१०७. कोभिड १९ सङ्कट व्यवस्थापन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश अनुसार धरान नगरमा कोभिड महामारि नियन्त्रण गर्न संघीय सरकारसंग खोपको निम्ति अनुरोध गरिनेछ । र नपुग खोपका लागि स्वीकृती लिई उपमहानगरपालिकाको आफ्नै पहलमा खोप खरिद समेत गरिने छ ।

१०८. वी पी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको सहकार्यमा नगरवासीको सुविधाको लागि प्रतिष्ठानमा कर्मचारी सहितको सहायता कक्ष (हेल्प डेस्क) स्थापना गरिनेछ ।

## आर्थिक विकास क्षेत्र सम्बन्धी नीति

१०९. नगरवासीहरुको आर्थिक समृद्धिका लागि दिर्घकालिन आर्थिक आय हुने मझौला तथा ठूला योजनाहरुमा नगरवासीहरुको प्रत्यक्ष लगानी, साझेदारीमा योजना निर्माण तथा सञ्चालन गरिनेछ । यसका लागि आवश्यक कार्यविधि निमार्ण गरिनेछ ।

११०. एकै किसिमको सेवाहरुमा देखासिकि गरि नगरवासीहरुले ऋणधन गरी गर्ने लगानीमा जोखिम बढि हुनेहुदा त्यस्ता सेवाहरुमा नियमन र सचेतनाको कार्यक्रम गरिने व्यवस्था मिलाइनेछ ।

१११. धरानलाई आर्थिक समृद्धि र विविध अवसरको केन्द्रको रुपमा विकास गर्न शिक्षा, स्वास्थ्य, कृषि, वाणिज्य, उद्योग, विज्ञान तथा प्रविधि एवम् पर्यटकिय क्षेत्रको विकास, सम्वर्द्धन र प्रवर्द्धनका लागि लगानीमैत्री वातावरणको व्यवस्थापन गरिनेछ ।

११२. नगरको अर्थतन्त्रको लागि मुख्य स्रोतको रुपमा रहेको वैदेशिक रोजगारबाट प्राप्त हुने रेमिट्यान्सको व्यवस्था गर्न सोसँग सम्बन्धित संघसंस्था तथा निकायहरुसँग समन्वय गरी प्रवर्द्धनात्मक कार्यहरु सञ्चालन गरिनेछ ।

११३. भौगोलिक सम्भाव्यताको आधारमा नगरभित्रका कृषिजन्य वस्तुहरुको उत्पादन तथा प्रशोधन अभिवृद्धि, शीत भण्डार गृह निमार्ण एवम्

कृषि बजार व्यवस्थापनलाई व्यवस्थित गरी ती उत्पादित वस्तुहरुको बजारीकरणमा सहजीकरण गरिनेछ ।

११४. कृषि व्यवसायलाई आधुनिकिकरण गर्दै यसलाई भरपर्दो बनाउन आगामी वर्षबाट कृषक परिचयपत्र वितरण, कृषि बीमा एवम् सुलभ कृषि कर्जामा कृषकको पहुँच बढाउन पहल गरिनेछ ।

११५. उपमहानगरपालिका क्षेत्रमा कृषि समूह, निजी फर्म, गैर सरकारी संस्था एवम् सहकारीहरुको दर्ता, कार्य क्षेत्र अनुमति जस्ता संस्थागत कार्य यसै आर्थिक वर्षदेखि थप सक्रियताकालागि कार्यविधि बनाई व्यवस्थापन गरिनेछ ।

११६. कृषि उपज बजार व्यवस्थापक, उपभोक्ता हित र विकासको लागि मुल्य निर्धारण लगायतमा सुक्ष्म अध्ययन गरी विचौलियालाई दुरुत्साहन गर्दै उचित मुल्यमा तरकारी बिक्री वितरणको व्यवस्था मिलाईनेछ ।

११७. नगरमा सार्वजनिक जवाफदेहीता अन्तर्गत दैनिक उपभोग्य वस्तुहरुलाई सरकारी सहुलियत दरमा आम जनतालाई उपलब्ध गराउन नेशनल ट्रेडिंग लिमिटेडको विक्री कक्ष धरानमा स्थापना गर्न आवश्यक पहल गरिनेछ । यसका निमित्त उप महानगरपालिकाबाट साझेदारी समेत गरिनेछ ।

११८. यसै आर्थिक वर्ष देखि नगरका सम्पूर्ण कार्यक्रमहरुलाई दिगो विकास लक्ष्यलाई स्थानियकरण गर्दै  अन्तर सम्बन्धित गरि सञ्चालन गरिनेछ  साथै दिगो विकास लक्ष्यका सूचकका आधारमा अनुगमन प्रणाली विकास गरिनेछ ।

## कृषि, पशुपंक्षी तथा सहकारी नीति

११९. कृषि योग्य जमीन र कृषिमा संलग्न जनसंख्याको सहभागिताको आधारमा कृषि तथा पशुपंक्षी पालनको एकिकृत विकासको लागि सघन कृषि विकास क्षेत्र निर्धारण गरिनेछ ।

१२०. कृषि तथा पशुपंक्षी पालनलाई व्यवसायिक बनाउन आधुनिक प्रविधिको व्यवस्थापन गरी शिक्षित युवाहरुलाई अभिप्रेरित गरिनेछ ।

१२१. तरकारी तथा फलफूल खेतीमा रासायनिक मलको प्रयोगलाई निरुत्साहित गर्दै कम्पोष्ट मलको प्रयोगलाई प्रोत्साहित गरि अर्ग्यानिक उत्पादनमा जोड दिईनेछ ।

१२२. कृषिजन्य उपजको व्यवसायमा विचौलियाबाट हुने मुल्य अपचलनलाई नियमन गर्न उत्पादन लागत र थोक तथा खुद्रा मुल्य विश्लेषण गरी कृषकलाई उपयुक्त बजार मुल्य प्राप्त हुने अवसरको प्रत्याभूति गराईनेछ ।

१२३. धरान उपमहानगरपालिका अर्न्तगत वडा नं. ४, ५, ६ र २० क्षेत्रलाई सघन कृषि क्षेत्र घोषणा गरि सिचाई, कृषि सडक, विद्युतीकरण, कृषि उपज संकलन केन्द्र, शीत भण्डार तथा अन्य आवश्यक पूर्वाधारहरु निर्माण गरिनेछ ।

१२४. पशुजन्य उत्पादनलाई मापदण्ड परिपालना गर्ने/गराउने वातावरण बनाई बजार अनुगमनलाई प्रभावकारी बनाउदै मासु पसल तथा बधशालाहरुको स्तरोन्नतिमा सहयोग गर्न तथा पशु स्वास्थ्य सुधारका कार्यक्रमहरु सञ्चालन गर्न योजना बनाईनेछ ।

१२५. सबै प्रकृतिका सहकारीहरुको प्रवर्द्धनका लागि सम्बन्धित पक्षहरुसँग आवश्यक समन्वय गरि नीति नियमहरु निर्माण गरिनेछ । सहकारीको माध्यमबाट पुँजी परिचालन गरी रोजगारी सिर्जना गर्दै गरिबी न्यूनिकरण गर्ने नीतिलाई निरन्तरता दिईने छ ।

१२६. आर्थिक तथा सामाजिक रुपमा पछाडी परेका महिला, गरिब, सिमान्तकृत, भुमिहीन सुकुम्बासी तथा पिछडिएका समुदायलाई सहकारी व्यवसायमार्फत जीविकोपार्जन कार्यमा लगाउन नगरपालिका-सहकारी साझेदारी कृषि, फलफूल, तरकारी, पशुपालन, माछापालन, कुखुरापालन जस्ता व्यवसाय तथा उद्योगहरुको स्थापना तथा सञ्चालन र प्रवर्द्धन गर्ने कार्यक्रमहरुमा साझेदारी गरिनेछ । यस्ता व्यवसाय तथा उद्योग स्थापना गर्दा नगरपालिकामा बुझाउनुपर्ने सबै खालका शुल्कहरुमा पूर्ण छुट दिइने छ ।

१२७. प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजनासँग समन्वय गरि नगरमा हुने कार्यक्रमहरुलाई व्यवस्थित गर्दै लगिनेछ । यस अर्न्तगत हुने विभिन्न पकेट, ब्लक, जोन र सुपरजोन कार्यक्रमहरुमा बाली,

किसान र समुहहरुसँग प्रत्यक्ष सरोकारमा रहि नियमन र अनुगमनको व्यवस्था मिलाईनेछ ।

१२८. बंगुर पार्क निमार्णका लागि संघिय सरकार र प्रदेश सरकारसँग सहकार्य गरी आवश्यक व्यवस्था मिलाईनेछ ।

## पर्यटन तथा उद्योग

१२९. उद्योग व्यवसाय दर्ता, नवीकरण, ठाँउसारी, नामसारी लगायतका प्रशासनिक प्रकृयालाई प्रविधिमैत्री बनाई सरलिकृत गरिने छ ।

१३०. उपमहानगरपालिकाभित्र नयाँ स्थापना गर्न तथा उद्योग खोल्ने तथा व्यवसाय प्रवर्द्धन गर्ने उद्देश्यले आउने लगानीकर्ताहरुलाई स्थापनामा सहजीकरण, संरक्षण र संवर्द्धन गरिनेछ ।

१३१. सम्पूर्ण स्वदेशी कच्चा पदार्थ प्रयोग गरी स्थापना हुने साना तथा मझौला उद्योग सञ्चालन हुने स्थानसम्मका सडक पुर्वाधार, विद्युतीकरण निर्माण कार्यलाई प्राथमिकतामा राखिने छ ।

१३२. उद्यमशीलता विकास र क्षमता अभिवृद्धिका लागि युवा तथा महिला लक्षित तालिम तथा अभिमुखिकरण कार्यक्रमहरु सञ्चालन गरिने छ ।

१३३. उपमहानगरको समग्र विकासमा सुनसरी उद्योग वाणिज्य संघसँग जिम्मेवार साझेदारको रुपमा सहकार्यको नीति लिईनेछ । औद्योगिक प्रदर्शनीस्थलको निर्माण कार्य र औद्योगिक ग्रामको व्यवस्थापनलाई सुनसरी उद्योग वाणिज्य संघसँगको सहकार्यमा अगाडि बढाइनेछ ।

१३४. उद्योगको विस्तार, लगानी प्रवर्द्धन तथा रोजगारी बढाउन उपयुक्त स्थानीय नीति तथा कानुन सहित सार्वजनिक निजी साझेदारीको माध्यमबाट कार्य अगाडि बढाईनेछ ।

१३५. औद्योगिक ग्रामको निर्माण कार्यलाई तदारुक्ताका साथ अघि बढाइनेछ ।

१३६. धराने जनताको मागलाई मध्यनजर गर्दै सबैको सुरक्षा व्यवस्थापनका साथ सुनसरी उद्योग वाणिज्य संघको सहकार्यमा रात्रीकालिन बजारको शुरुवात गरिनेछ ।

१३७. पर्यटन प्रवर्द्धनको माध्यमबाट स्थानीय जनताको जनस्तर उकास्न धरान बृहत पर्यटन गुरुयोजना निर्माणगरी गुरुयोजनाको आधारमा

धरानको पर्यटन पूर्वाधार विस्तार तथा पर्यटन विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१३८. धरान क्षेत्र भित्र साहसिक पर्यटन, साईक्लिङ्, पदमार्ग, होमस्टे, होटल व्यवसाय आदिको विकास तथा प्रवर्द्धनका लागि सामाजिक संजाल र सुचना प्रविधिको माध्यमबाट प्रचार-प्रसारका साथै ऐतिहासिक र महत्वपूर्ण सम्पदाहरुको संरक्षण र संवर्द्धन गर्ने नीति लिइने छ ।

१३९. धरानका विभिन्न मठमन्दिर, भेडेटार, चिण्डेडांडा, विष्णुपादुका, दानावारी, बगरकोट लगायत विभिन्न धार्मिक पर्यटन, कृषि पर्यटन, खेल पर्यटन लगायतका विभिन्न संभावना बोकेका स्थलहरुको प्रबर्द्धन गरिनेछ ।

१४०. पर्यटन विकास र प्रवर्द्धनका लागि गुरुयोजना बनाई परियोजना सञ्चालन गर्न संघ, प्रदेश र निजी क्षेत्रहरुसँग सहकार्य गरिनेछ । साथै यस क्षेत्रमा लगानी गर्ने लगानीकर्तालाई सहयोग र सहजीकरण गरिने छ

१४१. विभिन्न जातजातिका परम्परागत पर्व, संस्कार, संस्कृतिहरुको प्रवर्द्धन गरिने छ ।

१४२. **“अतिथि मैत्री, धराने संस्कृति”** को भावना जागृत गर्दै पर्यटक ल्याउने, घुमाउने, धेरै समयसम्म राख्ने, मिठो र स्वस्थ्य खुवाउने, असल व्यवहार गर्ने, उचित परामर्श दिने, पर्यटक सवारी साधनको व्यवस्थापन गर्ने, गाईड व्यवस्थापन गर्ने नीतिलाई सरोकारवालासँग सहकार्य गरि कार्यान्वयन गरिनेछ ।

१४३. पर्यटकीय क्षेत्रको रुपमा स्थापित विजयपुर क्षेत्रमा निर्माण हुने घरहरुको अघिल्लो मोहडा कलात्मक बनाउन वा घरहरलाई एकै रङ्गबाट रङ्गरोगन गर्न साझेदारी कार्यक्रम लागु गरिनेछ ।

१४४. दिगो विकास  लक्ष्यको कार्यान्वयनको लागि संस्कृति संरक्षण तथा पर्यटन प्रवर्द्धन सम्बन्धि योजना तथा कार्यक्रम सञ्चालनमा सहयोग गर्ने निजी क्षेत्र, गैर सरकारी संघसंस्था तथा निकायहरुलाई लगानीमैत्री वातावरण तयार गरी साझेदारीमा जोड दिइने छ ।

१४५. विभिन्न जातजातिहरुको ऐतिहासिक, सांस्कृतिक, धार्मिक पहिचान अवगत गराउन पर्यटकहरुलाई होमस्टेसहित पाहुनाको रुपमा राख्न

घर छनौट गरिनेछ । साथै न्यूनतम शुल्क लिई शान्त र रमणीय वातावरण सहित सेवा उपलब्ध गराउन उपमहानगरपालिकाले विशेष अनुदानको व्यवस्था गर्ने छ ।

१४६. राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रमा पहिचान स्थापित गरेको धराने कालो बंगुरलाई व्यवसायीकरण गरी धरानको आर्थिक समृद्धिसँग जोडिने कार्यक्रम लागु गरिनेछ ।

१४७. आदिवासी जनजातिहरुको पुस्तौनी सीप र संस्कृतिको रुपमा हस्तान्तरण हुदै आएको **"तीनपाने रक्सी"** लाई पहिचान र प्रवर्द्धन गर्न आवश्यक नीति निर्माण गरी व्यवसायीकरण गर्ने कार्यक्रम लागु गरिनेछ । यसको लागि विज्ञ सहितको कार्यदल गठन गरि सकेको हुंदा प्राविधिक, कानूनी र प्रशासनिक पक्षमा सुझाव लिई यसको लागि सरोकारवाला पक्षहरुसँग समन्वय गरी प्रशोधन र ब्राण्डिङ्गको व्यवस्था समेत गरिनेछ ।

१४८. धरान बहुसाँस्कृतिक शहर भएको हुनाले विभिन्न जातजाति र पर्यटन व्यवसायीहरुसँग समन्वय गरी मासिक रुपमा बहुसाँस्कतिक नृत्य सःशुल्क प्रदर्शनीको व्यवस्था मिलाईनेछ ।

१४९. धरान क्षेत्रको मन्दिरहरु पिण्डेश्वर, दन्तकाली, बुढासुब्बा, बिजयपुर गढी, पन्चकन्या, सुलिकोट, सिद्धपोखरी, विष्णुपादुका साथै बराहक्षेत्र, चतराधाम, रामधुनीक्षेत्रलाई समावेश गरी धार्मिक कोरिडोरको रुपमा स्थापित गराउन सम्बन्धित स्थानिय सरकार, प्रदेश सरकारसँग समन्वय गरी पर्यटन प्रर्वद्धन गरिनेछ ।

१५०. **"स्वच्छ धरान, सुन्दर धरान"** को अभियानलाई प्रवर्द्धन गर्न धरान नगर प्रवेश गर्ने तिनकुने र बेस क्याम्प क्षेत्रमा निजी क्षेत्रको सहभागिता सहित सार्वजनिक शौचालय सहितको रिफ्रेसमेन्ट सेन्टर स्थापना गरिनेछ ।

१५१. धरानको गरिमा र गौरव बढाउन विभिन्न विधाहरुमा योगदान पुऱ्याउने श्रष्टाहरुलाई "धरान डे" का दिन सम्मान/अभिनन्दन गरिने छ ।

१५२. संघीय सरकारको नीति अनुरुपमा धरानबाहीरबाट भ्रमण गर्न आउने कर्मचारीहरुका लागि स्थानीय होम स्टे तथा पर्यटन कर्मिसंग

समन्वय गरी सहुलिय रुपमा **“सुलभ र सुखद् धरान भ्रमण प्याकेज“** तयार गरिनेछ ।

१५३. अन्तर नगर सम्बन्धलाई विकास र विस्तार गर्दै सम्बन्ध सुदृढ गर्दै आपसि सिकाईलाई अभिवृद्धि गर्न र आन्तरीक पर्यटनलाई प्रबर्द्धन गर्न भगिनी सम्बन्धलाई विस्तार गरिनेछ साथै हालसम्म सम्बन्ध कायम रहेका नगरहरुसंगको सम्बन्धलाई अझ प्रगाढ बनाईनेछ ।

१५४. निजी स्तरबाट निर्माण गरिने ठूला तथा मझौला पर्यटकीय स्थलहरुसम्म पुग्ने सहज यातायात पूर्वाधारको निर्माणलाई प्राथमिकता दिईनेछ ।

१५५. धरानले ईलाम र ताप्लेजुङसंग समन्वय गरी पर्यटकीय क्षेत्र समेटेर वन्यजन्तु आरक्ष, हिमाल, हरिया पहाड, सांस्कृतिक सम्पदा, कृषि, साहसिक खेल आदि सबै भएका “**ग्रिन ईष्ट प्याकेज”** को अवधारणा आरम्भ गरिनेछ ।

## सूचना तथा सञ्चार नीति

१५६. पत्रकार महासंघ सुनसरी तथा स्थानीय सञ्चार गृहहरुको सहकार्यमा नगरपालिकामा महत्वपूर्ण सुचना तथा जनहितका सुचनाहरु सम्प्रेषणमा सहकार्य गरिनेछ ।

१५७. पत्रकारहरुको क्षमता अभिवृद्धिका लागि तालिम, पत्रकारिताको माध्यमबाट अनुसन्धनात्मक लेखका निम्ति लेखनवृत्ति (फेलोसिप), सन्देशमुलक सुचना सामाग्रीको निर्माण तथा विकास, नगर वेवसाइट, नगर प्रोफाईलको अद्यावधिक गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

१५८. नगरपालिकाको गतिविधि तथा नगरपालिकाले सम्पादन गरेका कार्यक्रमहरुलाई जनतामाझ सुसूचित गराउन नेपाल टेलिभजिनसंगको सहकार्यमा सञ्चालित **“हाम्रो धरान”** टेलिभिजन कार्यक्रम लाई निरन्तरता दिईनेछ ।

१५९. सुशासन, पारदर्शीता र जवाफदेहिता अवधारण अनुरुप “हेल्लो मेयर” कार्यक्रम स्थानीय टेलिभिजन मार्फत सञ्चालन गरी धरानवासीहरुका समस्या, गुनासो र पृष्ठपोषण सुन्ने परिपाटिको विकास गरिने छ ।

१६०. प्रत्येक नागरिकको सुचना पाउने अधिकार सुनिश्चित गरी सुचनाको हकको सम्मान गर्दै सुचनामैत्री नगरपालिका बनाइनेछ ।

१६१. उपमहानगरको सुशासन अभिवृद्धिमा सहयोग पुऱ्याउन नगरमा सञ्चालित कार्यक्रमहरुको सहि सकारात्मक संप्रेषण तथा पृष्ठभूमि (Feedback) गर्ने पत्रकारलाई वार्षिक कार्य प्रगतिका आधारमा सम्मान तथा पुरस्कृत गरिनेछ ।

## न्याय, कानून तथा मानव अधिकार प्रबर्द्धन सम्बन्धी नीति

१६२. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा भएका न्यायिक समितिको अधिकार क्षेत्रभित्रका विवादहरुको निरुण, मेलमिलाप गर्न आवश्यक नीति तथा कानूनको निर्माण र परिमार्जन, संशोधन गर्दै कार्यान्वयन गरिनेछ ।

१६३. न्याय सम्पादनलाई प्रभावकारी र सहज बनाउदै सबै वडाहरुमा मेलमिलाप केन्द्र स्थापना गरी व्यवस्थित बनाईनेछ । नगरपालिकाको कामकारवाहीलाई व्यवस्थित बनाउन नीति, कानून, निर्देशिका आदि एकद्वार प्रणालीबाट निर्माण गरिने नीति लिइनेछ ।

१६४. हालसम्म निर्माण भएका कानूनी दस्तावेजलाई संग्रहित एकीकृत गरी प्रकाशन गरिनेछ ।

१६५. कानूनी साक्षरता अभिवृद्धि गरीने कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१६६. मानव अधिकार क्षेत्रको संरक्षण, संबर्द्धन र प्रबर्द्धन गरिने कार्यक्रम सञ्चालन गरिनेछ ।

१६७. न्याय सम्पादनको क्रममा जेष्ठ नागरीक भिन्न क्षमता भएका साथै बालबालिकाहरुलाई प्राथमिकता दिईनेछ ।

१६८. न्याय सम्पादनलाई चुस्त, दुरुस्त, भरपर्दो र सर्वसुलभ बनाईनेछ ।

## सुशासन, सार्वजनिक सेवा तथा क्षमता विकास सम्बन्धी नीति

१६९. सम्पूर्ण नागरिकको आधारभूत विवरण, पेशा व्यवसाय, सामाजिक-आर्थिक विकासको अवस्था, संस्थागत संलग्नताको सुचना आदि झल्कने गरि तथ्याङ्क पद्धति सहितको नगर पार्श्वचित्र (Digital City Profile) तयार गरिनेछ ।

१७०. नगर कार्यपालिकाको कार्यालय र सबै वडा कार्यालयहरुका नागरीक वडापत्रहरुको अद्यावधिक गरिनेछ ।

१७१. अव्यवस्थित बसोवास क्षेत्रमा रहेका बसोबासीहरुको तथ्याङ्क संकलनगरि समाजिक समावेशीकरणको अवधारणा अनुसार सचेतिकरण, सिप तथा क्षमता विकास, कमजोर आर्थिक अवस्था भएकाहरुका लागि प्राविधिक शिक्षा तथा उच्च शिक्षामा उनीहरुको पहुँच स्थापित गर्ने खालका कार्यक्रमहरु सञ्चालन गरिने छ ।

१७२. अव्यस्थीत बसोवासीलाई वितरण गर्दै आएको घरनम्बर वितरण कार्यलाई पूर्णता दिईनेछ ।

१७३. आर्थिक तथा प्रशासनिक अनुशासन कायम गर्ने सम्बन्धमा बाँकीको बक्यौता, पेश्की, बेरुजु लगत विवरण अद्यावधिक गरी कडाईका साथ असुल उपर एवम् फछ्र्यौट गर्ने कार्य अगाडी बढाईनेछ ।

१७४. प्रत्येक महिनाको आय/व्ययको मास्केवारी नगर कार्यपालिका तथा वडा कार्यालयको सुचनापाटि तथा वेवसाइटमा प्रकाशित गरिनेछ ।

१७५. उपमहानगरको योजना तथा कार्यक्रमहरुलाई सञ्चालन गर्न उपमहानगर कार्यालयको मानव संशाधन प्रयाप्त नभएका सम्बन्धित विषयका विज्ञहरुलाई सहजिकरणकर्ता वा विशेषज्ञको रुपमा प्रयोग गर्ने नीति अवलम्बन गरिनेछ ।

१७६. उपमहानगर मातहतका सबै कर्मचारीहरुको स्वास्थ्य बीमा कार्यक्रम अगाडि बढाइनेछ ।

१७७. जनप्रतिनिधीहरु तथा कर्मचारीहरुको सीप तथा क्षमता अभिवृद्धिको लागि आवश्यक तालिम, गोष्ठी तथा अध्ययन अवलोकन भ्रमण कार्यक्रमलाई परिणाममुखी बनाईनेछ ।

१७८. कर्मचारीहरुलाई दिईने सेवा, सुविधालाई कानून बनाई व्यवस्थित गरिनेछ ।

१७९. उपमहानगरबाट प्रवाहहुने सम्पूर्ण सेवा र विकास निर्माणमा हुनसक्ने भ्रष्टाचार, अपारदर्शिता तथा ढिलासुस्तीमा शून्य सहनशीलताको नीति अख्तियार गरिनेछ । र सो कार्यलाई प्रभावकारी बनाउन प्रत्येक वडा कार्यालयहरु र सार्वजनिक स्थानहरुमा नगरपालिकाको तर्फबाट सुझाव पेटिकाहरु राखिने छ ।

१८०. उपमहानगरबाट प्रवाह हुने योजना, लेखा, नक्सा, राजश्व लगायत सबै सेवाहरुमा सफ्टवेयर निर्माण गरी कागज विहीन प्रणाली बनाउन विद्युतीय प्रणालीलाई जोड दिईने छ।

१८१. नगरमा सुशासन, पारदर्शिता, जवाफदेहिता तथा प्रत्येक योजना विकास निर्माण तथा कार्यक्रमहरुमा नगरवासीहरुको अपनत्व अभिवृद्धि गराउने सार्वजनिक सुनुवाई, सामाजिक लेखा परिक्षण जस्ता कार्यक्रमहरुलाई वडा स्तरीयबाट सञ्चालन गर्ने नीति अवलम्बन गरिनेछ।

१८२. प्रत्येक १५ दिनमा सुझाव पेटिका मार्फत प्राप्त सुझावलाई अध्ययन गरि कार्यान्वयन गर्ने नीति अवलम्बन गरिने छ।

१८३. नगरको काम कारबाहीलाई व्यवस्थित, पारदर्शी तथा सम्पूर्ण नगरवासी समक्ष पुऱ्याउन "हाम्रो धरान" नामक मोबाइल एप्स निर्माण गरि वडा पत्रहरु, सुचनाहरु र नगर प्रोफाईल आदिको जानकारी प्रदान गर्ने साथै फ्रि-वाईफाई जोन बनाउने नीतिलाई निरन्तरता दिईनेछ।

१८४. नेपाल सरकार र प्रदेश सरकारले घोषणा गरे बमोजिम धरान उपमहानगरपालिका नगर कार्यपालिकामा कार्यरत कर्मचारीहरुलाई आन्तरिक पर्यटनको प्रबर्द्धनको निम्ति १२ (बाह्र) दिन खर्च सहितको पर्यटन काजको सुविधा उपलब्ध गराईनेछ।

१८५. विगतमा कर्मचारीहरुलाई उपलब्ध गराउँदै आएको खाजा भत्तालाई हाजिरीमा आधारीत भई निरन्तरता दिईएकोछ।

१८६. नगर भित्रको बैकिङ्ग, वित्तीय संस्था, डिपार्टमेन्ट स्टोर, अस्पताल तथा मानिसको बढि चहलपहल हुने क्षेत्रहरुमा सम्बन्धित निकायहरुसँग समन्वय र सहकार्य गरि फ्रि-वाईफाई जोनको रुपमा विकास गरिनेछ।

१८७. नगरको सुरक्षालाई चुस्तदुरुस्त एवम् प्रभावकारी बनाउन शहरका मुख्य चौकहरु, पर्यटकीय स्थल तथा सुरक्षा संवेदनशील क्षेत्रहरुमा सि. सि. टि. भि. क्यामेरा जडान गर्ने कार्यलाई पूर्णता दिईनेछ।

१८८. सडक तथा फुटपाथमा हुने अव्यवस्थित पार्किङ्ग, निर्माण सामाग्री तथा व्यापार र पसलहरुको अनाधिकृत प्रयोगलाई दुरुत्साहित गर्दै

उचित व्यवस्थापन गरिने नीतिलाई निजी क्षेत्रको सहकार्यमा कार्यान्वयन गरिनेछ ।

१८९. नगर प्रहरीको सेवालाई सशक्त र गुणस्तरीय बनाउन क्षमता बिकास तालिम तथा स्रोत साधन उपलब्ध गराई नगर प्रहरीलाई नगरको गुणस्तरीय उच्च सुरक्षा बलको रुपमा विकास गरिनेछ ।

१९०. कार्यपालिकाको कार्यालय र वडाको विद्यमान संगठन तथा व्यवस्थापनको विस्तृत अध्ययन गराई सुझावको आधारमा उपयुक्त संगठन संरचना निर्माण गरिनेछ । वडा कार्यालयहरुलाई सेवा केन्द्रको रुपमा विकास गर्न पुर्वाधार विस्तार तथा स्तरोन्ती गरिनेछ ।

१९१. धरानलाई सुचना प्रविधिमैत्री नगरको रुपमा विकास गर्न आवश्यक पुर्वाधारहरु थप गर्दै नगरले प्रवाह गर्ने सेवाहरुमा एकरुपता कायम गर्न सुचना तथा प्रविधिको प्रयोगलाई विशेष जोड दिइने छ । कर्मचारीले सम्पादन गर्ने कार्यको अनुगमन मुल्याङ्कन गर्ने व्यवस्था मिलाइनेछ । साथै मुल्याङ्कनको आधारमा पुरस्कार र दण्डको व्यवस्था समेत गरिनेछ ।

१९२. आम नागरिकसँग सरोकार राख्ने आधारभूत वस्तु सेवाको आपुर्ति र गुणस्तर कायम गर्न बजार अनुगमनलाई विगत भन्दा अझ प्रभावकारी ढंगबाट सञ्चालन गरिनेछ ।

१९३. धरान उपमहानगरपालिका भित्रका सार्वजनिक तथा सरकारी जग्गा जमीन खोजी लगत राखी संरक्षण तथा उपयोग गर्ने नीति लाई अगाडि बढाइने छ ।

१९४. यस नगर भित्र अनौपचारिक तथा असंगठित क्षेत्रहरुमा काम गर्ने मजदूर तथा श्रमिकहरुको अभिलेख राखी परिचयपत्र प्रदान गरि उनीहरुलाई आवश्यक सुरक्षा सामाग्रीको व्यवस्थापन सम्बन्धित पक्षबाट गर्न लगाईने नीति अवलम्बन गरिने छ ।

१९५. नगरपालिकाको चालु एवम् प्रशासनिक खर्च तथा अन्य सुविधाहरु कटौती गरी मितव्ययिता अपनाइनेछ ।

१९६. विपन्न र न्यून आय भएका घरपरिवार पहिचान गरि निजहरुलाई परिचयपत्र वितरण गर्ने विशेष कार्यक्रम लागु गरिनेछ ।

## वन, वातावरण तथा विपद् व्यवस्थापन सम्बन्धी नीति

### (क) खानेपानी तथा सरफाई

१९७. धरान खानेपानी आयोजनाको सम्बन्धमा नगर कार्यापालिकाको निर्णय बमोजिम गठन भएको विज्ञ सम्मिलित समितिले दिएको प्रतिवेदन कार्यान्वयन गरिने छ । अनुगमन समितिसँग आवश्यक छलफल गरिनेछ । खानेपानी आयोजनामा धैरै ठूलो धनराशी खर्च भईसकेको हुदा उक्त आयोजनालाई बोर्डबाट सञ्चालन गराउन र सफल बनाउन आवश्यक पहलकदमी लिईनेछ । वर्षायाममा सतहको पानी सुम्निमा सिस्टमबाट विष्णु चौक सिस्टममा आपुर्ति गर्ने पाईपलाईनको व्यवस्था गरिने छ । विष्णु चौक सिस्टमबाट पानीको सुविधा पट्नाली क्षेत्रमा समेत विस्तारको योजना ल्याइनेछ ।

१९८. पानीको अभाव भएका क्षेत्रहरुमा समेत साना खानेपानी आयोजना मार्फत खानेपानी पुऱ्याइने छ । धरानको विकट क्षेत्रमा प्रयोग भईरहेको पानीको मुख्य श्रोतको रुपमा रहेका सर्दु, खर्दु, सेउती, पकुवा, कोका, सेहरा, तामाखाम लगायत सबै पानिका मुहानहरुको संरक्षण तथा वितरणका लागि समुदायमा आधारित खानेपानी कार्यक्रमलाई निरन्तरता तथा व्यवस्थापन गरिनेछ ।

१९९. खानेपानी अभाव भएका वडाहरु ४, ५, ६ र २० को खानेपानी समस्या समाधान गर्न प्राथमिकताका साथ योजना बनाई कार्यक्रम अगाडि बढाइनेछ । आवश्यकता अनुसार उपभोक्ता समितिमार्फत सञ्चालन भएका आयोजनाहरु केन्द्रिक्रित गरिदै लगिनेछ ।

२००. खेर जाने पानीलाई भुमिगत जलश्रोतको पुनः नविकरण गर्ने कार्य सञ्चालन गर्न प्रोत्साहन गरिने छ ।

२०१. **"आफ्नो वरपरको सरसफाई आफै गर्ने"** अभियान सञ्चालन/प्रवर्द्धन गरि शहरलाई सफा र वातावरण मैत्री शहर बनाउने नीति अवलम्बन गरिने छ ।

२०२. टोल विकास संस्था, गैर सरकारी संस्था एवम् सामाजिक संस्थाहरुको साझेदारीमा फोहोर संकलन गर्ने कार्यलाई अगाडी बढाइनेछ ।

२०३. अस्पताल जन्य फोहोरमैला व्यवस्थित गर्न सम्बन्धित निकायलाई पूर्ण रुपमा जिम्मेवार बनाइनेछ । जथाभाबी फोहोर गर्नेलाई कानुन अनुसार तत्काल कारबाही र जरिवाना गर्ने व्यवस्था मिलाइने छ ।

२०४. सुर्तिजन्य पदार्थ गुट्खा, खैनी लगायत प्लाष्टिक प्याकिङबाट उत्सर्जित प्लाष्टिकजन्य फोहोर सफाई अभियान र त्यस्ता सामाग्रीहरुको उपयोगलाई निरुत्साहित गर्ने नीति लिइनेछ । नगर क्षेत्रलाई प्लाष्टिक झोलामुक्त बनाउने अभियानलाई निरन्तरता दिइनेछ ।

२०५. नगरका मुख्य स्थलहरुमा शौचालय निर्माण गरि व्यवस्थित गर्दै लगिने छ । सर्वसाधारणलाई सार्वजनिक शौचालयमा पहुँच वृद्धि गर्न रेष्टुरेन्ट, सपिङ मल, पेट्रोल पम्प, अस्पताल, बैङ्क तथा वित्तिय संस्थाहरु त्था सार्वजनिक संस्थाहरुको शौचालय समेत प्रयोग गर्न सक्ने व्ययस्थाका लागि सम्बन्धित निकायसँग सहकार्य गरिनेछ ।

२०६. सरसफाई आचारसंहिता तयार गरि समुदाय, सार्वजनिक तथा निजी क्षेत्रसँग सहकार्यमा धरान नगरलाई सफा, सुन्दर नगर बनाइनेछ र हरित नगरी बनाउन पहल गरिनेछ ।

२०७. जलाधार क्षेत्रको सिमाङ्कन गरी त्यस क्षेत्रको संरक्षण तथा प्रर्वद्धन गरिनेछ ।

## (ख) वातावरण तथा विपद् व्यवस्थापन

२०८. पुर्वाधार तथा संरचना विकास कार्यक्रमहरु सञ्चालन गर्दा विपद् जोखिम न्यूनिकरण, अनिवार्य न्यूनतम वृक्षारोपण तथा वातावरणमैत्री विकासको अवधारणालाई अवलम्बन गर्दै लगिने छ ।

२०९. वातावरण मैत्री स्थानीय शासनको प्रारुप, २०७० का सुचकहरुलाई चरणबद्ध रुपमा नगरका सबै वडाहरुमा कार्यान्वयन गरिनेछ ।

२१०. धरानलाई हरित नगर बनाउने अभियानका लागि सम्भव भएसम्म नगर क्षेत्र भित्र बनेका सबै सडकका दुवै किनारामा हरियाली बनाउने कार्यलाई सम्बन्धित वडावासीहरुको सहकार्यमा अगाडी बढाइनेछ ।

२११. भूकम्पीय जोखिम न्यूनिकरण गर्ने कार्यलाई प्राथमिकताका साथ अगाडी बढाइनेछ ।

२१२. दमकल लगायत विपद् व्यवथापनका लागि चाहिने उपकरणहरुको व्यवस्था मिलाइने छ ।

२१३. योजना तथा परियोजना स्वीकृतीको चरणमा नै वृक्षारोपणलाई अनिवार्य रुपमा पूर्वशर्त कायम गरिनेछ।

२१४. धरान नगर क्षेत्र भित्रको विपद् जोखिम व्यवस्थापन साथै विपद् प्रभावितलाई राहत उपलब्ध गराउन विपद् व्यवस्थापन कोष स्थापना गरि कोष परिचालनका लागि आवश्यक कार्यविधि र राहत मापदण्ड समेत तयार गरि लागु गरिने छ । सहजताका लागि वडास्तरीय विपद् जोखिम व्यवस्थापन समिति समेत गठन गरिनेछ । उक्त समितिलाई विपद् व्यवस्थापन योजना तर्जुमा तथा पूर्व तयारी र विपद्को समयमा गर्नुपर्ने कार्यका लागि सशक्त र सक्षम बनाउदै लगिनेछ ।

२१५. उच्च विपद् जोखिम सम्भाव्य क्षेत्रका बस्ती तथा समुदायको पारिवारिक लगत अद्यावधिक गरिनेछ ।

२१६. धरानको मुख्य बजार क्षेत्रमा अव्यवस्थित रुपमा रहेका टेलीफोन, विधुत, केवल टेलिभिजन, ईन्टरनेट सेवा प्रदायकले वितरण गरेको तारलाई व्यवस्थित गर्ने, भुमिगत गर्ने कार्य सम्बन्धित सरोकारवालासंग समन्वय गरी गरिनेछ । साथै नगरको मुख्य बजार र लोकमार्गमा रहेका वर्कसपहरुलाई वातावरणिय एवम् नगर सौन्दर्यको हिसाबले अन्य क्षेत्रमा व्यवस्थापन गर्न पहल गरिनेछ ।

२१७. धरानको जीवनसंग जोडिएको सर्दु जलाधार क्षेत्रको अतिक्रमित जमिनको लगत कट्टाको कार्य गरी जलाधार संरक्षण गर्न संघीय सरकारसाग गरेको पहलले सार्थकता पाई सकेको सन्दर्भमा अव जलाधार क्षेत्रमा लगत कट्टाको प्रकृयामा रहेको वांकी जग्गाको समेत अविलम्ब लगत कट्टा गरी नेपाली सेनासंगको सहकार्यमा वृहत वृक्षारोपण तथा हरियाली अभियान सञ्चालन गरिनेछ ।

२१८. जलाधार क्षेत्रको संरक्षणको लागि धरान खानेपानी व्यवस्थापन बोर्डको सहकार्यमा त्यस क्षेत्रलाई घेराबारा गरिनेछ ।

२१९. निजी तथा अन्य संघसंस्थाहरुलाई आव्हान गरि स्थानीय विपद् व्यवस्थापन कोष खडा गरिनेछ । साथै विभिन्न दाताहरुको समन्वय र साझेदारीमा कोष संचालन गर्ने व्यवस्था मिलाईने छ ।

## शहरी योजना तथा पूर्वाधार विकास नीति

२२०. शहरी विकासका दीर्घकालिन लक्ष्य प्राप्तिका लागि "एकिकृत शहरी विकास योजना" द्धारा निर्दिष्ट गरेका पुर्वाधारहरुको निर्माण सम्पन्नका लागि संघीय सरकार, प्रदेश सरकार र विकास साझेदारहरुसँगको सहकार्यलाई निरन्तरता दिईनेछ।

२२१. कृषिजन्य उत्पादन र कृषि बजारको बजारिकरण र विस्तारका लागि कृषि मार्गको विस्तार र स्तरोन्नतिमा जोड दिइनेछ।

२२२. नगरको सम्पूर्ण भौतिक पूर्वाधार विकासलाई उच्च प्राथकिमता दिई नगर (स्तरीय) गौरवका आयोजनाहरुलाई बजेट विनियोजन गरिनेछ।

२२३. भूमिहिन सुकुम्बासीहरुको अव्यवस्थित बसोबासलाई व्यवस्थित बनाउन एकिकृत बस्ती विकासको आयोजनालाई नगर गौरवको आयोजनाको रुपमा अगाडि बढाइनेछ। साथै घर नंम्बर वितरण गर्न बाकी रहेका सरकारी जग्गामा बसेका वास्तविक सुकुम्बासीहरुलाई प्रकृया पुरा गरि घर नंम्बर वितरण गरिनेछ।

२२४. धरान-१४ मा निर्माणाधीन आदिवासी जनजाती बहुजातीय संङ्ग्राहलयलाई नगर गौरवको आयोजनाको रुपमा छनौट गरि नगरको प्रत्यक्ष दायित्वको परिधिभित्र ल्याइनेछ । यसका निम्ति सरोकारवाला पक्षहरुसँग छलफल गरि आवश्यक निर्णय गरिनेछ।

२२५. सर्दु, सेउती खोलामा स्थायी तटबन्ध निर्माण तथा रिङ्ग रोडको अवधारणा बमोजिम सर्दु सेउती करिडोर निर्माण कार्यलाई संघिय सरकार, प्रदेश सरकारसँग समन्वय गरी नगर गौरवको आयोजनाको रुपमा उच्च प्राथमिकताका साथ अगाडि बढाइने छ । धरान-५ बगरकोट पक्की पुलदेखि मसाने पुल हुदै याकथुङ चौकसम्मको याक्थुम मार्ग वडा कार्यालय जाने पक्कि सडक निर्माण गर्ने कार्यलाई महत्वका साथ अगाडी बढाइने छ।

२२६. बहुउद्देशीय सुविधा सम्पन्न सिटी हल (सभागृह) पुनः निर्माण कार्यलाई अगाडि बढाउन आवश्यक व्यवस्था मिलाईनेछ।

२२७. वडा स्तरीय योजनाहरुको छनौट, सञ्चालन तथा व्यवस्थापन गर्न वडास्तर मै अधिकार तथा वजेट विनियोजन गरि नगरवासीलाई प्रत्यक्ष लाभ पुग्ने योजनाहरुलाई प्राथामिकता दिईनेछ।

२२८. विगत देखिका निर्माणाधिन तथा अधुरा योजनाहरुलाई सम्पन्न गर्न क्रमागत रुपमा वजेट विनियोजन गरिनेछ ।

२२९. आर्थिक तथा सामाजिक रुपान्तरणमा योगदान दिन सक्ने तथा नगरको दिर्घकालिन लक्ष्य पुर्ति गर्न सक्ने विषेश योजनाहरुको पहिचान गरि विस्तृत योजना प्रतिवेदन (DPR) तयार गरी योजनावद्ध रुपमा कार्यान्वयन गरिनेछ ।

२३०. महत्वपूर्ण र ठूला प्रकृतिका पूर्वाधार विकास निर्माण र यसको दिगोपनाका लागि विस्तृत सर्भे र डिजाईन गरी लागत अनुमान तयार गरेर मात्र कार्यान्वयन प्रकृया अगाडी बढाईनेछ ।

२३१. आयोजनाहरुको लक्ष्य, लागत, समय, परिमाण र गुणस्तर हासिल गर्न सम्झौता अवधि भित्रै आयोजना सम्पन्न गर्ने गराउने नीति लिईनेछ । साथै वैशाख मसान्त पछि कुनै पनि आयोजनाको सम्झौता नगर्ने नीति लिईनेछ ।

२३२. उपभोक्ता समितिहरु मार्फत सञ्चालन हुने पूर्वाधार विकास निर्माणका काममा जनसहभागिता वापतको लागतमा एकरुपता ल्याउन कार्यविधि निर्माण गरी लागु गरिनेछ । साथै रु. २५ लाख माथिका योजनाहरु ठेक्का मार्फत सम्पन्न गर्ने नीति अवलम्बन गरिनेछ ।

२३३. सडकका कालोपत्रे आयोजना कार्यान्वयन गर्दा गुणस्तरयूक्त अस्फाल्ट, कंन्क्रिटिंग प्रविधिको प्रयोग गरिनेछ । छोटो तथा भित्री लुप सडकहरुमा प्राविधिकको राय वमोजिम टायलको प्रयोगलाई प्रोत्साहन गरिनेछ । हाल प्रिमिक्स कार्पेटिंग मार्फत सडक कालोपत्रे गरिने प्रविधिलाई क्रमशः निरुत्साहित गरिनेछ ।

२३४. **"ग्रिन एण्ड क्लिन धरान"** निर्माणका लागि सडकमा हरियाली अभिवृद्धि गर्न समुदाय, उपभोक्ता समिति एवं सम्बन्धित संस्थाहरुलाई प्रोत्साहन गरिनेछ । त्यसका लागि लागत अनुमान तयार गर्दाकै अवस्थामा ध्यान दिईनेछ ।

२३५. घर निमार्णमा जनताको अनुत्पादक खर्च नहोस् र पुँजी चलायमान होस् भन्ने उद्देश्यले घर निमार्ण गर्नु पूर्व नगरवासीलाई घरको आवश्यकता, घरको लागत, मापदण्ड र उपयोग सम्बन्धमा निःशुल्क परामर्श दिईनेछ ।

२३६. नेपाल राष्ट्रिय भवन निर्माण संहिता २०६०, वस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धि मापदण्ड २०७२, राष्ट्रिय भू-उपयोग नीति, भवन तथा योजना मापदण्ड २०५६ लगायतका राष्ट्रिय प्रादेशिक एवम् स्थानीय भूमि व्यवस्थापन तथा भवन नियमन सम्बन्धि ऐन, मापदण्ड तथा निर्देशिकाहरुलाई कडाईका साथ लागु गरी सुरक्षित एवम् व्यवस्थित निर्माण गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।

२३७. नगर क्षेत्र भित्र वन्ने संस्थागत सार्वजनिक तथा व्यापारिक भवनहरुमा पार्किङ्ग स्थलको व्यवस्था अनिवार्य गर्नु पर्ने नीति अवलम्बन गरिनेछ । साथै आवसीय भवनहरुमा नेपाल सरकारले निर्धारण गरेको भवन निर्माण आचार संहिता सहित “एक घर-एक विरुवा” नीति अनिवार्य रुपमा लागु गरिनेछ।

२३८. भवन निर्माण अनुमति प्रकृयालाई छिटोछरितो सरल र सहज बनाउन विभिन्न नीतिगत तथा कानुनी व्यवस्था गरिनेछ । यस सम्बन्धमा अनुगमन गरी कार्य सरलीकरण गर्न अनुगमन संयन्त्रलाई प्रभावकारी परिचालन गरिनेछ । साथै “घरको बास नक्सा पास” अभियानलाई मूर्त रुप दिन घरनक्सा पास प्रकृया (EBPS-Electronic Building Permit System) लाई थप सुढृढीकरण गरिनेछ । व्यवसायिक, शैक्षिक, सरकारी तथा आवसीय भवनको नक्सा पास दस्तुरलाई वर्गीकरण गरी लागु गरिनेछ । साथै अलग अलग वैज्ञानिक एवम् व्यवहारिक भवन निर्माण आचार संहिता लागु गरिनेछ । शिक्षा, स्वास्थ्य, उद्योग, कलकारखाना, पर्यटन, होटेल आदी सम्बन्धि व्यवसायले अतिरिक्त राजश्व र स्थानीय रोजगारी सिर्जना गर्ने यस्ता भवनहरुको नक्सा पास दस्तुरमा छुट तथा सहुलियत दिईनेछ । यसै गरी महिला तथा फरक क्षमता भएकाहरुको नाम तथा स्वामित्वमा रहेको जग्गामा निर्माण गरिने भवनको नक्सा पास दस्तुरमा समेत सहुलियतको व्यवस्था गरिनेछ ।

२३९. घरनक्सा, बाटो दर्ता तथा नामाकरण सम्बन्धमा वैज्ञानिक र व्यवहारिक मापदण्ड अनुसार संशोधन, व्यवस्थापन र नामाकरणका लागि विज्ञ सहितको समिति गठन गरिनेछ ।

२४०. भूखण्डीकरणलाई निरुत्साहित गर्न मालपोत तथा नापी कार्यालयहरुसँग समन्वय गरिनेछ । सरोकारवाला निकायहरुसँग समन्वय गरि भूउपयोगको नीति लिइनेछ।

२४१. धरान क्षेत्र भित्रका कोशी राजमार्ग र मदन भण्डारी राजमार्गको सिमाना (एलाइन्मेन्ट) सम्बन्धमा देखिएको अन्यौलतालाई हटाउन बाइपास रोडको निर्माण व्यवस्थापनको कार्य अगाडी बढाउन संघिय सरकारसँग सार्थक पहल तथा समन्वय गरिनेछ । शहरी सडकको मापदण्डलाई आवश्यकताको आधारमा कायम गरी लामो समयदेखीको सडक मापदण्डको समस्यालाई समन्वय गरी समाधान गरिनेछ।

२४२. उपमहानगरपालिकाको तर्फबाट सार्वजनिक निजि साझेदारीको माध्यम अपनाउन आवश्यक व्यवहारीक नीति तयार गरी यस्ता औद्योगिक तथा व्यापारिक क्षेत्रलाई थप आकर्षित गरिनेछ।

२४३. संघिय सरकार, प्रदेश सरकार मार्फत प्रत्यक्ष लगानीमा हुने सबैखाले योजनाहरुको समेत स्थानीयस्तरमा प्रभावकारी अनुगमन मूल्याङ्कन पद्धतिलाई सुदृढ गर्नका लागि नगर स्तरीय संयन्त्रलाई परिचालन गरिनेछ । साथै यसका लागि भौतिक, वित्तिय, तथा मानव स्रोतको सुनिश्चिता प्रदान गरिनेछ।

२४४. उपमहानगरपालिकाको स्वामित्वमा रहेको भौतिक संरचनाहरुको आवधिक रुपमा मर्मत सम्भार कार्य सम्पन्न गरिनेछ।

२४५. धरानमा एयरपोर्ट निर्माण सम्बन्धमा धरान उपमहानगरपालिका, सरोकारवाला निकाय र सर्वदलिय छलफल गरि एक ठोस निर्णय लिई कार्यान्वयन गरिनेछ।

२४६. प्रत्येक वडामा क्रमिक रुपमा दिवा शिशु स्याहार केन्द्र स्थापना गरिनेछ।

२४७. खाद्य गुणस्तर नियन्त्रण तथा अनुगमन गर्नका लागि नगरपालिका मातहतमा खाद्य प्रयोगशाला निर्माण गरिनेछ । प्रयोशाला संचालनका लागि धरानस्थित केन्द्रिय प्रविधि क्याम्पस हात्तिसारसँग सहकार्य समन्वय गरिनेछ।

२४८. वैज्ञानिक आविष्कार, अनुसन्धान र प्राज्ञिक कार्यमा लागेका प्राज्ञहरुको रचनात्मक कार्यलाई प्रोत्साहन गर्न आवश्यक पूर्वाधार र कार्य योजना बनाईनेछ ।

२४९. धरान क्षेत्रमा प्रयोगमा रहेका पुराना जीर्ण पुलहरुलाई विस्थापित, पुनः निर्माण र मर्मत गरिनेछ ।

२५०. ट्राफिक व्यवस्थापन चुनौती बन्दै गएको यो समयमा यातायात सवारी साधनहरुलाई सम्बन्धित निकायसँग समन्वय गरि आयात र दर्ता प्रणालीमा नियमन गर्ने प्रणालीको व्यवस्था गर्न प्रदेश सरकार र संघिय सरकारसँग समन्वय गरिनेछ । आवश्यकता अनुसार सम्भव भएका सडकहरुमा एकतर्फि सेवा सुचारु गरिनेछ ।

२५१. घरभाडामा रहेका वडा कार्यालयहरुको स्थायी संरचनाका लागि भवन निर्माणको कार्यलाई अगाडि बढाईने छ ।

२५२. **"एक वडा- एक पार्क"** लगायत विभिन्न स्थानमा आवश्यकता अनुसार खुल्ला पार्क, उद्यान निर्माण गरि रमणीय तथा पर्यटकिय स्थलको रुपमा विकास गर्दै धरानलाई प्रमुख आकर्षणको केन्द्रको रुपमा विकास गर्ने नीति लिईनेछ । यसका लागि निजी क्षेत्रसँग सहकार्य गर्न लगानीमैत्री नीतिको तर्जुमा गरिनेछ ।

२५३. उपभोक्ता मार्फत सञ्चालन गरिएका योजनाहरुमा उपभोक्ताबाट व्यहोर्ने जनसहभागिता रकम उपलब्ध नगराएमा उपमहानगरपालिकाबाट उपलब्ध सेवा, सुविधा तथा करहरु रोक्का गर्न सकिनेछ ।

२५४. नगर क्षेत्र भित्रका खहरे खोलाहरुलाई तटबन्धन एवम् नियन्त्रणलाई प्राथमिकता दिईनेछ ।

२५५. तीनकुने सुन्दर वस्ती जग्गा एकिकरण ओजनामा संघीय सरकारबाट आवश्यक बजेट विनियोजन भई बसपार्क निर्माणको कार्य अगाडी बढि सकेकोहुादा सोलाई पूर्णता दिने र आयोजना स्थलमा रहेका र अन्य सडक सञ्जाल र पूर्वाधारहरुको निर्माण गरिनेछ ।

२५६. विगतमा चालु रहेको जनता आवास कार्यक्रम लाई सुचारु गर्न संघिय सरकारसँग समन्वय तथा पहल गरिनेछ ।

२५७. नयाँ बाटो निमार्ण हुँदा टेलिफोन तथा केवल लाईनहरु अण्डरग्राउण्ड गर्ने व्यवस्था तथा नीति ल्याइनेछ ।

२५८. खत्रीधारा दाह संस्कार स्थल जाने बाटो (काठे पुल, धरान-१५) मर्मत निर्माण लगायत अन्य आवश्यकता अनुसारका योजनाहरु ल्याईनेछ ।

२५९. धरानमा रहेका विभिन्न दाहसंस्कार स्थलहरुको संरक्षण र सम्बर्द्धन गरिनेछ ।

२६०. धरान उपमहानगरपालिकाको सिमा क्षेत्र यकिन साथै सिमाङ्कन गरि दक्षिणि राजमार्गमा धरान स्वागतद्धार निमार्ण गरिनेछ ।

## आन्तरिक राजश्व परिचालन संम्बन्धी नीति

२६१. आयको असमानता घटाई कर योग्यता र सक्षमताको आधारमा प्रभावकारी कर प्रणाली अवलम्बन गरीनेछ ।

२६२. प्रभावकारी रुपमा राजश्व संकलन गर्न करको दायरा फराकिलो बनाउने र सबै सम्भावित करदातालाई करको दायरामा समेट्न कार्य नीति अवलम्बन गरिनेछ ।

२६३. राजश्व प्रशासनलाई अझ प्रभावकारी र मितव्ययी बनाईनेछ ।

२६४. करदाताको करको आर्थिक अवस्थाको पहिचान गरी उपयुक्त नीति तर्जुमा गर्न करदाताको आय, सम्पती, आर्थिक स्थिती, पारिवारीक विवरण आदिको सूचना तथा तंथ्यांक संकलन गरिनेछ ।

२६५. कर भुक्तानी कार्यलाई सरल र सुविधाजनक बनाउनका लागि आधुनिक प्रविधिको प्रयोग गरिनेछ ।

२६६. राजश्वका नयां स्रोतहरुको पहिचान गरी कर तथा राजश्वमा वृद्धि गरिनेछ । उत्कृष्ट करदातालाई सम्मान गर्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

२६७. सिफारीस तथा सेवा प्रवाहलाई सफ्टवेयर प्रणालिमा आबद्ध गरी राजस्व सूचना प्रणालीलाई व्यवस्थित बनाईनेछ ।

२६८. घरवहाल कर संकलनलाई प्रभावकारी बनाउन बहालमा बस्ने व्यक्ति तथा संस्थाको पहिचान गरि  घरधनीलाई बहाल कर तिर्न उत्प्रेरित गरिनेछ । साथै नगरको आम्दानीको श्रोत वृद्धि गर्न आवश्यक क्षेत्रहरुको अध्ययन तथा पहिचान गरी सम्बन्धित निकायको समन्वयमा करको दायरा वृद्धि गरिनेछ । वैज्ञानिक र

व्यवहारीक बहाल कर लागु गरी उक्त क्षेत्रमा शान्तिसुरक्षा र सरसरफाईको सुविधा उपलब्ध गराईनेछ।

२६९. सेवा सुविधालाई राजश्व असुलीसंग आवद्ध गरी कडाईका साथ कार्यन्वयन गरिनेछ ।

२७०. राजश्व छलीलाई निरुत्साहित गर्न करछलिलाई कारवाही गर्ने नीति अवलम्बन गरिनेछ । अनुगमन, निरिक्षण र मूल्यांकन नियमित रुपमा गरीनेछ।

२७१. राजश्व प्रशासनलाई चुस्त दुरुस्त र दक्ष बनाउन संम्बन्धित कर्मचारीलाई आवश्यक तालिमको व्यवस्था गरिनेछ।

२७२. घरधनीको एकासगोलले संचालन गरेको व्यवसायमा लाग्ने सरसफाई सेवा शुल्कमा छुटको व्यवस्था गरिएको छ।

२७३. अव्यवस्थीत बसोवासीको अभिलेख अद्यावधिक गर्दै धुरीकर असुलीलाई निरन्तरता दिईनेछ।

२७४. पर्यटन, उद्योग, होटल तथा व्यवसायबाट स्थानिय स्तरमा रोजगार समेत सिर्जना हुने र उपमहानगरपालिकाले समेत अतिरिक्त आय आर्जन गर्ने भएकाले यस्ता व्यवसायीहरुमा राजश्व छुटको व्यवस्था गरिनेछ।

२७५. शिक्षा र स्वास्थ्य क्षेत्रमा नीजि लगानीलाई प्रोत्साहन गरी सर्वसुलभ शुल्कमा गुणस्तर सेवा प्रदान गर्ने वातावरण तयार गर्न कर छुटको अबलम्बन गरिनेछ।

२७६. करदाताबाट संकलन भएको आम्दानीलाई पारदर्शी ढंगबाट उत्पादनमुलक र नगरको संमृद्धिमा लगानी गरिनेछ।

२७७. परम्परागत रुपमा रहेको व्यवसाय करको न्यूनतम र अधिकत्तम दरलाई खारेज गरी एक दर प्रणाली लागु गरिनेछ।

२७८. राजश्व परिचालनमा नीजि क्षेत्र र गैह्रसरकारी क्षेत्रसंग समन्वय गरेर उनीहरुले संम्पन्न गर्न सक्ने कार्य उनीहरुलाई नै सम्पन्न गर्न दिईने नीति अवलम्बन गरिनेछ।

२७९. करदाताको पोर्टलको स्थापना गरी करदातामैत्री कर सुचना प्रणाली विकास गरिनेछ।

२८०. अनलाईन कर भुक्तानी प्रणालीलाई अझ सरल बनाई करदाताको पहुंचलाई अझ सहज बनाईनेछ।

२८१. कोभिड १९ को कारण विभिन्न कर तथा शुल्कमा २५ देखि ३५ प्रतिशत छुटको व्यवस्था गरिएकोछ । साथै कर तथा शुल्क वार्षिक रुपमा नबुझाउने प्रवृत्तिलाई निरुत्साहित गर्न विलम्व शुल्क तथा जरीवानाको व्यवस्था गरिनेछ ।

२८२. आन्तरिक राजश्व कार्यालयबाट उद्योगी व्यवसायीहरुलाई सहज सरल सेवा प्राप्त गर्न आन्तरिक राजश्व कार्यालयसँग समन्वय गरि त्यस कार्यालयमा उद्योग वाणिज्य संघको Help Desk राख्न सहयोग गरिनेछ ।

२८३. धरान १७ स्थित सप्तरंगी पार्क, धरान ३ चिनियां चोक स्थित सपिङकम्प्लेक्स भवन, धरान १६ स्थित तारा सुब्बा स्मृती पार्क, वी पी पार्क, धरान १३ र २० तथा अन्य पार्क एवम् संभावित आयश्रोत हुने संरचना र क्षेत्रहरुलाई सार्वजनिक निजी साझेदारी अवधारणा अन्तर्गत लिजमा दिई आन्तरीक आयश्रोतलाई वृद्धि गरिनेछ ।

२८४. धरानका प्राकृतिक श्रोतका रुपमा रहेका खोलाका गिटी वालुवा उत्खनन् प्रक्रियालाई व्यवस्थित गर्दै त्यस क्षेत्रका स्थानीयवासीहरुलाई सूचिकृत गरि मापदण्ड अनुसार उत्खनन्को अनुमति दिईने छ र बिक्रीमा कानून अनुसार कर लागु गरी आयश्रोतमा वृद्धि गरिनेछ ।

मञ्जु भण्डारी सुवेदी
उपप्रमुख
धरान उपमहानगरपालिका
२०७८/०३/१०

# आ.व. २०७८/७९ को बजेट वक्तव्य

**सभाध्यक्षज्यू,**

आदरणीय नगर सभा सदस्यज्यूहरु

लामो समयसम्म जनप्रतिनिधिविहीनता पछी राज्यको पुनर्संरचना पश्चात सम्पन्न भएको स्थानिय तहको निर्वाचनमा हामी निर्वाचित भए पश्चात हामीले कार्यारम्भ गरेको पाँचौं वर्ष प्रवेश भएको छ । यस अवसरमा हाम्रो कार्यकालको अन्तिम तथा पाँचौं बजेटको रुपमा धरान उपमहानगरपालिकाको आर्थिक वर्ष २०७८।०७९ को वार्षिक बजेट तथा कार्यक्रम नगर कार्यपालिकाको निर्णय अनुसार ९ औं नगर सभामा प्रस्तुत गर्न पाउँदा गौरवान्वित महशुश गरेकी छु ।

यो अवसरमा हामीलाई यो जिम्मेवारीमा पुरयाउन मुलुकमा सञ्चालित विभिन्न काल खण्डका ऐतिहासिक प्रजातान्त्रिक आन्दोलन तथा जनयुद्धमा सहादत प्राप्त गर्नु हुने ज्ञात अज्ञात महान शहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु ।

हामीले धरान उपमहानगरपालिकाको नेतृत्व लिइरहदा लामो समयको अन्तराल पछि स्थानीय तहले जनप्रतिनिधी प्राप्त गरेकाले नगरवासीहरुका विकास प्रतिको आकांक्षाहरु धेरै रहेका थिए । सिमित साधनश्रोत, परिवर्तित सन्दर्भमा आवश्यक पर्ने कानुन, नीति, जनशक्ति र संरचना समेतको अभावका वीच आरम्भ भएको हाम्रो कार्यकाललाई हामीले प्रभावकारी वनाउन सकेका छौं । यो चार वर्षको अवधिमा सिमित श्रोतवाट असीमित आबस्यकताहरु पूरा गर्न प्रयास गर्दै जनतालाई प्राथमिकताको आधारमा परिवर्तन आरम्भ भएको अनुभूती गराउन सफल भएका छौं ।

जनसहभागितामा आधारीत विकासका लागि नेपालमै नमुनाको रुपमा रहेको हाम्रो नगरमा विकासका ठूला अवसरका साथै चुनौति पनि रहेका छन् । यो कार्यकालमा हामीले लामो समय देखि जटिलतामा अल्झिएका ठूला आयोजनाहरुको व्यवस्थापनलाई समाधान गर्न सफल भएका छौं । यसरी नै दीर्घकालीन महत्वका गौरवपूर्ण आयोजनाहरु आरम्भ

गर्नुका साथै वडा स्तरका आधारभूत भौतिक संरचनाहरु (बाटो, कलभर्ट, सामुदायिक भवन निर्माण, नदी नियन्त्रण आदि) मा उल्लेख्य प्रगति गर्न सफल भएका छौं । समृद्ध नेपाल सुखि नेपालीको राष्ट्रिय लक्ष्य, मुलुकले अंगीकार गरेको दीगो विकास लक्ष्यको मुख्य मार्ग दर्शनमा हामीले धरानको दिर्घकालीन विकासका लागि तय गरेको "***शिक्षा, स्वास्थ, पर्यटन तथा व्यापारिक पुर्वाधारः बहुसांस्कृतिक, आवासीय समृद्ध शहर*** *भन्ने धरानको* दीर्घकालीन लक्ष्य प्राप्तिका लागि हाम्रा निति, कार्यक्रम र योजनाहरु परिलक्षित गरेका छौं ।

**आदरणीय नगर सभासद ज्यूहरु**

अव म हाम्रो कार्यकालमा भएका महत्वपूर्ण उपलब्धिहरुको संक्षिप्त चर्चा गर्न चाहन्छु । असीमित आवश्यकता र सिमित साधन श्रोतका वीच हामीहरुले यो कार्यकाल पूरा गर्न लागेका छौं । यो वीचमा हामीहरुले केही अकल्पनीय दुःखद परिस्थितिको सामाना समेत गर्नु पर्यो । कार्यकालको दोस्रो वर्षमा नै आदरणीय नगर प्रमुख तारा सुब्बा तथा ७ नं. वडाका वडाध्यक्ष भूवनराज मोक्तानको दुखद निधन भयो । करीव डेढ वर्ष पछि सम्पन्न उपनिर्वाचनबाट रिक्त रहेका दुवै पदमा नयाँ नेतृत्वले जिम्मेवारी वहन गर्दै हाम्रा अभिभाराहरुलाई निरन्तर अघि बढाई रहेका छौं ।

**दीर्घकालीन महत्वका आयोजनाहरु**

भानुचोकबाट धरानको वसपार्क कहिल्यै पनि अन्यत्र स्थानानतरण हुन सक्दैन की भन्ने आम नागरीकको चासो र धारणालाई अव हामीले व्यवस्थापन गरेका छौं । ५० औं वर्ष देखिको आवश्यकता, २०औं वर्ष देखिको बसपार्क सम्बन्धि द्वन्द्व समाधान गर्न नगर कार्यपालिकाको पहिलो वैठकबाट मलाई प्राप्त जिम्मेवारीलाई पूरा गरी द्वन्द्व समाधानका साथ साथै स्मार्ट वसपार्क निर्माणका लागि ठेक्का वन्दोवस्ति भई वस पार्क निर्माणको धरान वासीको अधुरो सपनालाई मूर्तरुप दिन सकिएको छ ।

खानेपानी व्यवस्थापन सम्बन्धमा वोर्ड र संस्थान वीचको दोहोरो व्यवस्थापकीय अवस्था अन्त्य भई वोर्डले नै सम्पूर्ण जिम्मेवारी लिएको छ । यसको लागि परामर्शदाता कम्पनीको कार्यतालिका अनुसार यो आषाढ

महिनादेखि परिक्षणको काम शुरु गरिनेछ र अव खानेपानीको आपूर्ति सहज हुनेछ ।

नगर सरकारलाई संविधानतः प्रदान भएका अधिकारहरु कार्यान्वयन गर्न आवश्यक कानुन र नीति तर्जुमा निरन्तर भई रहेका छन् ।

नगरका सूचना र काम कार्वाहीलाई विद्युतिय प्रणालीमा लैजाने हाम्रो प्रतिवद्धता अनुसार नगरको राजस्व र कर भुक्तानकिा लागि अनलाईन प्रणाली आरम्भ भएको छ ।

वडा स्तरीय योजनाका लागी वडाबाट नै लगत ईष्टिमेट, सम्झौता र भुक्तानी व्यवस्था गर्ने पहिलो नगरका रुपमा काम सम्पन्न गरिएको छ ।

वडा तहसम्म वित्तिय अधिकार हस्तान्तरण गर्ने नगरका रुपमा काम भई राजस्व सम्बन्धि र लेखा सम्बन्धि काम वडा बाट नै सम्पन्न गरेका छौं ।

सबै वडाका सूचनाहरुलाई एकीकृत सूचना प्रणालीमा आवद्ध गरिएको छ ।

कर प्रणाली र नगरको लेखा प्रणाललिाई वैज्ञानिक र व्यवस्थित गराईएको छ ।

यो कार्यकाल भौतिक पूर्वाधार विकासको आधारको रुपमा रहेको छ । प्रत्येक वडाका महत्वपूर्ण बाटाहरु निर्माण सम्पन्न भई सकेका छन् । जनपथ मार्ग तथा विजयपूर जाने वाटो नगरका गौरवपूर्ण योजनाका रुपमा निर्माण सम्पन हुने क्रममा रहेका छन् ।

खहरे कोरीडोर, तिनढ्वाँगेबाट परिवार नियोजनसम्म आउने बाटोमा दुबै तर्फ करीडोर निर्माण आरम्भ भएको छ ।

भौतिक विकासका सन्दर्भमा ग्रामीण क्षेत्र र शहरी क्षेत्रलाई जोड्ने काम आधारभूत रुपमा पूरा भएका छन ।

वडा नं २ र ३ स्थित भौडी क्षेत्रको सौन्दर्यीकरण गरिएको छ ।

सुकुम्वासी व्यवस्थापन समिति मार्फत सुकुम्वासी व्यवस्थापनका लागि हामीले शुरु गरेको अभिलेखिकरण तथा घर नम्बरींगले अहिले भूमि समस्या समाधान आयोगको कामलाई सहज र सरल वनाएको छ ।

नगर, संघ, प्रदेश सरकारको समेत श्रोत समन्वय गरी सामूदायिक विद्यालयहरु भौतिक सुविधा सम्पन भई सामूदायिक

विद्यालयको शैक्षिक गुणस्तरमा ठूलो परिवर्तन आएको छ । राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमबाट नगरका धेरै विद्यालयहरु लाभान्वित भएका छन् ।

स्थानिय पाठ्यक्रम निर्धारण गरि यसै वर्षबाट लागु हुने तयारी भएको छ ।

स्वास्थ्य सेवाको सन्दर्भमा विपि कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठानसँगको सहकार्य भौतिक रुपमा शूरुभएको छ । वडा वडामा वडा समितिहरुबाट निःशुल्क स्वास्थ्य शिविर साथै वडा स्तरीय स्वास्थ्य सेवा केन्द्रहरुबाट आधारभूत स्वास्थ्य सेवा प्रदान गरिएको छ ।

पर्यटन विकासका लागि अन्तर्राष्ट्रिय सम्बन्ध स्थापित गरिएको छ । एशिया प्रशान्त क्षेत्रिय पर्यटकीय शहरहरुको नेटवर्कमा आवद्ध भई धरानको चिनारी यस क्षेत्रका १२० भन्दा वढी ठूला नगरहरुमा स्थापित गराईको छ ।

प्रदेश सरकारको सहयोगमा नगर पर्यटन सूचना केृन्द्र स्थापना र सञ्चालन गरिएको छ । नगर क्षेत्रका पर्यटकीय गन्तव्यहरुको भौतिक पूर्वाधारमा उल्लेख्य सुधार गरिएको छ ।

पर्यटन वोर्डबाट सञ्चालन गरिने ईष्ट टुरीजम मार्टको वार्षिक कार्यक्रम धरानमा नै सम्पन्न गरिएको छ । यसको निरन्तरताको व्यवस्था मिलाईएको छ ।

यस अवधिमा इलाम र धुलिखेलसँगको भगिनि सम्बन्ध स्थापित भएको छ ।

ग्रामीण क्षेत्रको विकासका लागि प्रदेश सरकार र संघीय सरकारको समेत सहयोगमा ठूला भौतिक संरचनाहरु निर्माण भएका छन् । यसै सन्दर्भमा हाम्रो लगानी मैत्री नितिका कारण पर्यटनका लागि निजि लगानी कर्ताहरुबाट महत्वपूर्ण कामहरु भई रहेका छन् ।

यो कार्यकालमा नगरको आन्तरिक आम्दानीमा उल्लेख्य वृद्धि भएको छ साथै संघ सरकारका विषयगत मन्त्रालयहरुसँगको सम्बन्ध सुदृढ भई केन्द्रिय श्रोतबाट भएका कार्यहरु प्रभावकारी रुपमा भएका छन ।

नगरका ठूला आयोजनाहरुलाई वहुवर्षीय आयोजनाका रुपमा निर्माण आरम्भ गरिएको छ ।

सञ्चार र सूचना क्षेत्र व्यवस्थित गरिएको छ । हाम्रो प्रतिवद्धता अनुसार सञ्चार गृहहरुलाई व्यवस्थापन सहयोग र सञ्चारकर्मीहरुका लागि लेखनवृत्ति (फेलासीप) लाई संस्थागत गरिएको छ ।

महिला मैत्री नगरका लागी जेण्डर पोलिसि तयार गरि सोही अनुसार काम गरिएको छ ।

नगरलाई पूर्णखोप युक्त नगर वनाईएको छ भने यसै चालु आर्थिक वर्षमा वाल मैत्री नगर घोषणाको तयारी रहेको छ ।

नगरको फोहार व्यवस्थापनका लागि निजि क्षेत्रसँगको सहकार्यमा निर्मित प्लाण्टले परिक्षण उत्पादन शुरु गरेको छ ।

खेलकुद, साहित्य, कला, संस्कृति र कलाका क्षेत्रमा संस्थागत रुपमा उल्लेख्य कामहरु भएका छन ।

संघीय सरकारसँगको सहकार्यमा वडा नं. ६ मा औद्योगीक ग्राम स्थापनाको काम शुरु भएको छ । यस वर्ष डिपिआर पूरा भएकोले अव सोही अनुसार नयाँ उद्योगहरु त्यस स्थानमा सञ्चालनमा आउने छन् ।

हाम्रो अनुरोध र पहलमा धरान १७ खैरेनीमा कोशी कोरीडोर प्रशारण लाईनको सव स्टेशन निर्माण आरम्भ भएको छ । यसले धरानको भौतिक विकासमा कोशे ढुंगाको रुपमा योगदान दिनेछ ।

हाम्रो अनुरोधलाई स्वीकार गरी संघीय सरकारले धरानबाट लेउती जोड्ने सुरुंग मार्ग निर्माणको लागि अध्ययन यसै वर्षबाट आरम्भ गर्ने भएको छ ।

धरान र अन्य पालिकासंग पहुँच मार्गहरु निर्माण, विस्तार र स्तरोन्नती गरिएकोछ । (जस्तै हरियालीबाट रास ताल, कुम्यालबाट भरौल, सर्दु पुल पारीबाट नडाहा, पानवारीबाट इटहरी, निराजन वस्तिबाट नाम्जे, मंगलवारेबाट भन्ज्यांङ हुँदै चाँदी बजार आहाले आदि) वडा नं. २० र ४ मा ग्रामिण पर्यटन प्रबर्द्धन गर्न होम स्टेको विकास र प्रवर्द्धन गरिएकोछ । वी पी पार्कबाट साँगुरीढी, सुलिकोटसम्म, हर्दियाबाट देविस्थानसम्म र धरान १४ मा पदमार्गको निर्माण गरिएकोछ ।

विपन्न किसानहरुलाई अनुदान दिने कामबाट कृषि उत्पादकत्व वढ्नुको साथै व्यवसायिक कृषि प्रबर्द्धन भएको छ । धरान १३ स्थित कृषि उपज वजार लाई सबै तहका सरकारको सहयोग समन्वयमा शीत भण्डार सहित सुविधा सम्पन्न र नमुना वनाईएको छ ।

महिला अधिकार र सशक्तिकरणका लागि नगर महिला सञ्जालसँगको संस्थागत सम्बन्ध सुदृढ गरिएको छ ।

सहकारी संस्थाहरुको प्रभावकारीताका लागि नगर सहकारी विकास समितिले अनुगमन र नियमनलाई प्रभावकारी वनाईएको छ । खेलकुद विकास, आदिवासी जनजाती विकास र उद्यमशीलता विकासका लागि विषयगत समिति मार्फत संस्थागत काम सम्पन्न भएका छन् ।

वडा नं ४, ५, ६, २० र १७ नं वडाको पटनाली क्षेत्रमा दीर्घकालीन खानेपानी व्यवस्थापनका लागि खानेपानी मन्त्रालय अन्तर्गत योजना स्वीकृत भई प्रारम्भिक अध्ययन प्रारम्भ भएको छ ।

आगामी वर्षहरुका लागी कार्य सम्पन्न गर्न महत्वपूर्ण आयोजनाहरुको डिपिआर तयारी गरिएको छ ।

नगरपालिकाको स्वमूल्यांकनमा ६५ प्रतिशत अंक हाँसील हुनुले नगरपालिकाले प्रदान गरेका सेवासुविधा तथा कार्यसम्पादन उच्च रहेको पाईएकोछ ।

वडा नं. १८ र १३ मा खुल्ला हेल्थपार्क निर्माण गरिएकोछ । वडा नं. १६ बाट विपन्न व्यक्तिलाई परिचय पत्र वितरण गर्ने कार्यक्रम शुरुवात गरिएकोछ । वडा नं.१३ मा अन्तराष्ट्रिय स्तरको साहित्यिक कार्यक्रम आयोजना गरी सम्पन्न गरिएकोछ ।

धरानमा कालो बंगुर प्रबर्द्धन गर्न वडा नं. २० मा बंगुर पार्क निर्माण गर्नुको साथै किसानहरुलाई कालो बंगुरको पाठा वितरण गरिएकोछ । तीनपाने रक्सिको ब्राण्डीङको लागि कार्यदल गठन गरी परम्परागत सीपलाई जीविकोपार्जनसंग जोड्ने प्रयास गरिएकोछ ।

यसै वर्ष हालसम्म नगर र वडामा सञ्चालीत सम्पूर्ण कार्यहरुको प्रगती विवरण र यसले पारेको सामाजिक, आर्थिक लगायतका प्रभावको विस्तृत अध्ययन गरि नगरवासी सामु प्रस्तुत गरिनेछ ।

**सभाध्यक्ष ज्यू,**

कार्यारम्भ गरेको चार वर्ष पश्चात सम्मानित नगर सभाको नवौं अधिवेशनमा पाँचौं बजेटको रुपमा धरान उपमहानगरपालिकाको आर्थिक वर्ष २०७८।०७९ को वार्षिक बजेट तथा कार्यक्रम नगर कार्यपालिकाको निर्णय अनुसार प्रस्तुत गर्न पाउँदा गौरवान्वित महशुश गरेको छु ।

हामीले धरान उपमहानगरपालिकाको नेतृत्व लिइरहदा लामो समयको अन्तराल पछि स्थानीय तहले जनप्रतिनिधी प्राप्त गरेकाले नगरवासीहरुका विकास प्रतिका आकांक्षाहरु धेरै रहेका थिए । यो चार वर्षको अवधिमा सिमित श्रोतवाट असीमित आबस्यकताहरु पूरा गर्न प्रयास गर्दै जनतालाई प्राथमिकताको आधारमा परिवर्तन आरम्भ भएको अनुभूती गराउन सफल भएका छौं ।

समृद्ध नेपाल सुखि नेपालीको राष्ट्रिय लक्ष्य, मुलुकले अंगीकार गरेको दीगो विकास लक्ष्यको मुख्य मार्ग दर्शनमा हामीले धरानको दिर्घकालीन विकासका लागि तय गरेको ***"शिक्षा, स्वास्थ, पर्यटन तथा व्यापारिक पुर्वाधारः बहुसांस्कृतिक, आवासीय समृद्ध शहर*** *भन्ने धरान* को दीर्घकालीन लक्ष्य प्राप्तिका लागि हाम्रा निति ,कार्यक्रम र योजनाहरु परिलक्षित गरेका छौं ।

**आदरणिय सभाध्यक्ष ज्यू,**

अब म आगामी आ.व.२०७८।०७९ को कुल स्रोतगत आयको अनुमान प्रस्तुत गर्न चाहन्छु । सर्वप्रथम आन्तरिक आय तर्फ रु. २७ करोड १० लाख, संघीय समानिकरण अनुदान रु. ३३ करोड ९२ लाख, प्रदेश समानिकरण अनुदान रु. २ करोड १ लाख ४७ हजार, संघीय राजस्व बाडफाँड रु. १७ करोड ३ लाख ८६ हजार, प्रदेश राजस्व वाडफाड रु. १७ करोड ५१ लाख ९५ हजार ७ सय ५०, संघीय ससर्त अनुदान रु. ४६ करोड ४० लाख अनुमान गरेकोछु । त्यसरी नै संघीय समपुरक अनुदान तर्फ रु. ३ करोड ४६ लास, संघीय विशेष अनुदान तर्फ रु. २ करोड ९९ लाख अनुमान गरिएको छ ।

त्यसै गरी प्रेदश सरकार ससर्त रु. २ करोड धरान खानेपानी व्यवस्थापन वोर्डबाट १० करोड अनुमान गरिएको छ । अन्य श्रोत तथा विवध आय तर्फ १७ करोड ९ लाख ५८ हजार ५ सय ६० र मौज्दात रु. ३ करोड गरी जम्मा रु. २ अर्ब ३ करोड ६४ लाख बराबरको अनुमानित आय प्रस्तुत गरिएको छ ।

**व्ययतर्फ**

अब म आगामी आ.व. २०७८।७९ को ब्ययको शिर्षकगत अनुमान प्रस्तुत गर्न चाहन्छु ।

**सभाध्यक्ष महोदय,**

अब म वडागत तथा विषय क्षेत्रगत बजेट बिनियोजनको संक्षिप्त विवरण प्रस्तुत गर्न अनुमति चाहन्छु ।

**क. वडागत बजेटतर्फः**

वडागत बजेटको कार्यक्रम तथा पुजिगत र प्रशासनिक खर्च तर्फ रु. २८ करोड बिनियोजन गरेको छ भने वडा कार्यालय भवनहरु निर्माणको लागि थप रु १ करोड विनियोजन गरिएको छ ।

**ख. शहरी योजना तथा भौतिक पुर्वाधार बिकास तर्फः**

विगत बर्षहरुदेखि नै क्रमागत रुपमा संचालनमा रहेका योजनाहरुको भुक्तानि तथा नयाँ कार्यक्रम र नगर गौरवका योजनाहरुका लागि रु १८ करोड २१ लाख विनियोजन गरिएको छ ।

**ग. शिक्षा युवा तथा खेलकुद तर्फः**

शिक्षा युवा तथा खेलकुद तर्फ संघीय सशर्त अनुदान रु. ३४ करोड ७८ लाख, नगरपालिका स्रोत तर्फ रु. २ करोड ५० लाख गरी जम्मा रु. ३८ करोड २८ लाख बजेट बिनियोजन गरिएको छ ।

**घ. स्वास्थ्यतर्फः**

स्वास्थ्यतर्फ घोषित विभिन्न नीति तथा कार्यक्रमलाई संवोधन गर्न संघीय सशर्ततर्फ रु. ३ करोड ९५ लाख र नगरपालिका स्रोत तर्फ रु. ८० लाख गरि कुल जम्मा रु. ४ करोड ७५ लाख बजेट बिनियोजन गरिएको छ ।

**ङ. सामाजिक विकासतर्फः**

सामाजिक समावेशीकरण, सकरात्मक विभेद तथा लक्षित कार्यक्रमहरु संचालन गर्न रु. १ करोड बजेट बिनियोजन गरिएको छ ।

**च. आर्थिक विकासतर्फः**

अर्थतन्त्रको मेरुदण्डको रुपमा रहेको कृषि, पशु, सहकारी र उद्योग सम्बन्धी विभिन्न कार्यक्रमा संचालन गर्न नगरपालिका स्तरीय स्रोत रु.९० लाख बजेट बिनियोजन गरिएको छ।

**छ. वन वातावरण तथा विपद ब्यबस्थापन तर्फः**

वातावरण, सरसफाई, जलबायु अनुकुलनका कार्यहरु, बिपद ब्यबस्थापनको पुर्व तयारी सम्बन्धी कार्यहरु, जलाधार क्षेत्रको खानेपानी मुहान सरसफाई र संरक्षण लगायत कामको लागि रु. ५० लाख बनियोजन गरिएको छ।

**ज. पर्यटन तर्फः**

धार्मिक, सांस्कृतिक तथा बहुजातिय बिबिधता युक्त धरानलाई पर्यटकीय गन्तब्य स्थलको रुपमा विकास गर्न छनौट भएका कार्यहरुका लागि रु. ३५ लाख बजेट बिनियोजन गरिएको छ।

**झ. सुचना तथा संचार तर्फः**

लोकतन्त्रको संवाहकको रुपमा रहेको सुचना तथा संचार क्षेत्रको विकासका लागि रु. ३० लाख बजेट बिनियोजन गरिएको छ।

**ञ. साहित्य कला र संस्कृतितर्फः**

साहित्य कला र संस्कृतितर्फपको कार्यक्रमहरु गर्न धरान प्रज्ञा प्रतिष्ठान मार्फत संचालन गर्न रु. २५ लाख बजेट बिनियोजन गरिएको छ।

**ट. अव्यबस्थित बसोबास तथा सुकुम्वासी ब्यबस्थापन तर्फः**

यस क्षेत्रको विद्यामान समस्या समाधान गर्दै स्थानीय समिति मार्फत हुने काम र राष्ट्रिय कार्यक्रम संचालन गर्न रु. ५० लाख बजेट बिनियोजन गरिएको छ।

**ठ. मजदुर कल्याण कार्यक्रम तर्फः**

विकास निर्माणको प्रमुख स्रोतको रुपमा रहेको श्रमशक्तिको हक हित तथा कल्याणका कार्यक्रमहरु संचालन गर्न जम्मा रु. ५ लाख बजेट बिनियोजन गरिएको छ ।

**ड. कानून तथा न्याय सम्पादन तर्फः**

न्याय र समानता कायम गर्न महत्वपुर्ण भुमिका निर्बाह गर्न संवैधानिक ब्यबस्था अनुरुप गठित न्यायिक समितिको बिभिन्न कार्यक्रम र न्याय सम्पादन र कानून शाखाको सुदृढिकरणको लागि रु. २० लाख बजेट बिनियोजन गरिएको छ ।

**ढ. सार्वजनिक जग्गा र जलाधार संरक्षणतर्फः**

नगर क्षेत्रभित्र रहेका बिभिन्न सार्वजनिक जग्गा र जलाधार संरक्षण र उपयोग सम्बन्धी कार्यक्रम संचालन गर्न रु. ७५ लाख बजेट बिनियोजन गरिएको छ ।

**ण. विमानस्थल जग्गा व्यवस्थापन तर्फः**

विमानस्थल जग्गा व्यवस्थापनको लागि आवश्यक कार्य गर्न जम्मा रु ५० लाख बजे ६ विनियोजन गरिएको छ ।

**त. राजस्व सुधार तथा संस्थागत क्षमता विकास तर्फः**

नगरको आन्तरिक स्रोत परिचालन गरी क्रमशः आत्म निर्भर हुदै जाने नीति अनुरुप राजस्व सुधार कार्यक्रमको लागि रु. ४० लाख बजेट विनियोजन गरिएको छ ।

**थ. आवधिक योजना तथा नगर प्रोफाइल र जि एम आइ एस अपडेट तर्फ**

आवधिक योजना तथा नगर प्रोफाइल र जि एम आइ एस (GIS) अपडेटका लागि रु ५५ लाख बजेट बिनियोजन गरिएकोछ ।

**द. अन्य कार्यक्रमहरु तर्फः**

विभिन्न प्रबर्द्धनात्मक कार्यक्रमहरु, जनसहभागिताबाट संचालन हुने कार्यत्रक्रमह, नगर विकास कोषबाट लिएको ऋणको साँवा ब्याज भुक्तानी रकम, सडकबत्ती लगायतका विभिन्न कार्यक्रमका लागि रु. ५२ करोड ५५ लाख बजेट बिनियोजन गरिएको छ ।

**ध. प्रमुख कोष, आकस्मिक कोष तथा मर्मत कोष तर्फः**

यस अन्तरगत प्रमुख कोष तर्फ रु. १ करोड २० लाख तथा मर्मत रु. ५० लाख आकास्मिक कोषमा ३० लाख गरी जम्मा रु २ करोड बिनियोजन गरिएको छ ।

**न. समपुरक कोषः**

संघ प्रदेश तथा विकास साझेदारसँग बित्तिय साझेदारी गरी आकर्षण गर्न र दिर्घकालिन तथा रणनीतिक महत्वका योजनाहरु संचालन गर्न कोषको ब्यबस्था गरेको छु । जसमा रु. ३ करोड बजेट बिनियोजन गरिएको छ ।

**प. विपद व्यवस्थापन कोष :**

विपद व्यवस्थापन कोषतर्फ रु. १ करोड विनियोजन गरिएको छ ।

**फ. कोभिड लगायतका महामारी नियन्त्रण :**

कोभिड-१९ लगायतका महामारी नियन्त्रण र खोप खरिदको लागि रु. ७ करोड बजेट विनियोजन गरेको छु ।

**ब. खाजा भत्ता सम्बन्धमाः**

नगर कार्यपालिकामा कार्यरत सबै कर्मचारीलाई दिँदै आएको खाजा खर्चलाई हाजीरीको आधारमा दैनिक रु. १२५/- बनाईएको छ।

**भ. विविधः**

यो बजेट स्विकृति पश्चात संघ, प्रदेश वा स्थानीय सरकारबाट साझेदारी वा अन्य कुनै रुपमा बजेट प्राप्त हुने भए वार्षिक कार्यक्रममा

परेका आयोजनामा रकम थप गर्न वा आयोजनाको सूची (Project Bank) मा रहेका आयोजना वा कार्यक्रम कार्यान्वयनको व्यवस्था मिलाईनेछ ।

अन्त्यमा आ. व. २०७८/७९ को नीति कार्यक्रम तथा बजेट तर्जुमा कार्यमा संलग्न राजश्व परामर्श समिति, स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति, विभिन्न विषयगत समितिहरु, सबै वडा समितिहरु, नीति कार्यक्रम तथा बजेटका लागि अमूल्य राय सुझाव उपलब्ध गराउने राजनीतिक दल, गुरु वर्ग, पत्रकार, नगरका गन्यमान्य व्यक्तित्वहरु, नगर कार्यपालिका सदस्यहरु, नगर सभाका सदस्यमा आभार व्यक्त गर्दछु । साथै सम्पूर्ण कर्मचारी र सरोकारवालामा धन्यवाद ज्ञापन गर्दछु । साथै यो नीति, कार्यक्रम तथा बजेटको सफल र प्रभावकारी कार्यान्वयनमा समेत सबैको साथ सहयोगको सदा झैं अपेक्षा गर्दछु । धेरै धन्यवाद ।

मञ्जु भण्डारी सुवेदी
उपप्रमुख
धरान उपमहानगरपालिका
२०७८/०३/१०

**आज्ञाले**
विदुर प्रसाद खनाल
प्रमुख प्रसाशकीय अधिकृत

धरान उपमहानगरपालिकाद्वारा प्रकाशित
मूल्य रु. २०/-